**प्रदेश नं ५ प्रदेश सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना :** प्रदेश भित्र यातायातको मापदण्ड तयार गरी सवारी सञ्चालनमा गुणस्तर कायम गर्दै सवारी दुर्घटना न्यूनिकरण गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा – व्यवस्था गर्न, कर तथा दस्तुर निर्धारण एवम् संकलन गर्न, वातावरण मैत्री यातायात प्रणालीको विकास एवम् प्रवर्द्धन गर्न, प्रदेश स्तरको यातायात प्रणालीको सुरक्षा गर्न, सञ्चालित यातायात प्रणालीको अनुगमन र नियमन गरी नागरिकको पहुँच भित्र दिगो भरपर्दो सरल एवम् सुलभ यातायात सुविधा उपलव्ध गराई यातायात सेवालाई सुदृढ, सक्षम, सुरक्षित, सहज तथा यातायात प्रशासनलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, प्रदेश सभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "प्रदेश नं. ५ सवारी तथा यातायात व्यवस्था ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले तोकिएका यातायात व्यवस्था कार्यालयका प्रमुख सम्झनु पर्छ। सो शब्दले यातायात व्यवस्था सेवा कार्यालयका प्रमुख समेतलाई जनाउँछ ।

(ख) **"कार्यालय"** भन्नाले प्रदेश भित्रका यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय (सवारी), यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) तथा यातायात व्यवस्था सेवा कार्यालयहरुलाई सम्झनु पर्छ।

(ग) **"करदाता"** भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ ।

(घ) **"कर"** भन्नाले प्रचलित कानून बमोजिमको सवारी साधन कर सम्झनु पर्छ ।

(घ) **"कूटनीतिक सुविधा प्राप्त सवारी"** भन्नाले दफा १६ बमोजिमको सवारी सम्झनु पर्छ ।

(ङ) **"निजी सवारी"** भन्नाले दफा १४ बमोजिमको सवारी सम्झनु पर्छ ।

(च) **“चालक अनुमतिपत्र”** भन्नाले दफा ५४ बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ ।

(छ) **“चालक”** भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ज) **“छोटो मार्ग”** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर देखि एकसय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ ।

(झ) **“जाँचपास”** भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ ।

(ञ) **“ट्राफिक सङ्केत”** भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको जानकारी, नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ।

(ट) **“ठूला सवारी”** भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ।

(ठ) **“तोकिएको” वा “तोकिए बमोजिम”** भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचित आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) **“दर्ताको प्रमाणपत्र”** भन्नाले दफा २१ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(ढ) **“निर्देशनालय”** भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको यातायात पूर्वाधार निर्देशनालय संम्झनु पर्दछ।

(ण) **“प्रदेश सरकार”** भन्नाले प्रदेश नं ५ प्रदेश सरकार भन्ने सम्झनु पर्दछ।

(त) **“परिचालक”** भन्नाले दफा ७२ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सवारीमा काम गर्ने अन्य सहयोगीलाई समेत जनाउँछ।

(थ) **“परीक्षा समिति”** भन्नाले दफा १८८ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(द) **“प्रशिक्षण केन्द्र”** भन्नाले दफा १९१ बमोजिम मन्त्रालयबाट मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ ।

(ध) **"पर्यटक सवारी"** भन्नाले दफा १३ बमोजिमको सवारी सम्झनु पर्छ र पर्यटक शब्दले स्वदेशी तथा विदेशी पर्यटकलाई जनाउँछ।

(न) **"प्रदूषण"** भन्नाले सवारीबाट निस्कने ध्वनी तथा धुवाँको प्रदूषण सम्झनु पर्छ।

(प) **"पार्किङ्गस्थल"** भन्नाले सवारी राख्न निर्धारण गरेको स्थल सम्झनु पर्छ।

(फ) **"प्रहरी कार्यालय"** भन्नाले ट्राफिक प्रहरी कर्यालय समेत लाई सम्झनु पर्छ।

(ब) **"बीमा"** भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने समग्र (कम्प्रिहेन्सिभ) बीमा समेतलाई जनाउँछ।

(भ) **"बस बिसौनी"** भन्नाले यात्रीबाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनु पर्छ।

(म) **"भाडा"** भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(य) **"मझौला सवारी"** भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ।

(र) **"मध्यम मार्ग"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटर भन्दा बढी तर दुईसय पचास किलोमिटर भन्दा कम दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(ल) **"मार्ग"** भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनु पर्छ।

(व) **"मालबाहक सवारी"** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सवारी सम्झनु पर्छ।

(श) **"मालसामान"** भन्नाले मानिस बाहेक मालवाहक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ।

(ष) **"मार्ग इजाजतपत्र"** भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ८६ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ।

(स) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ५, भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(ह) **"यातायात सेवा"** भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ।

(क्ष) **“यात्री गुण्टा”** भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ।

(त्र) **“यातायात व्यवस्थापन समिति”** भन्नाले दफा १८४ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज्ञ) **“यातायात निरीक्षक”** भन्नाले दफा १८९ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(क१) **“यात्री”** भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(क२) **“यात्रीबाहक सवारी”** भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ।

(क३) **“विद्युतीय सवारी साधान”** भन्नाले विद्युतीय प्रसारण लाइन, सोलार वा ब्याट्रीबाट संचालन हुने सवारी साधान सम्झनु पर्छ।

(क४) **“व्यवस्थापक”** भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ।

(क५) **“लामो मार्ग”** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटार वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(क६) **“सरकारी सवारी”** भन्नाले दफा १५ बमोजिमको सवारी सम्झनु पर्छ।

(क७) **“सवारी धनी”** भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ।

(क८) **“साना सवारी”** भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ।

(क९) **“सार्वजनिक सवारी”** भन्नाले यातायात सेवामा प्रयोग गरिने दफा १२ बमोजिमको सवारी सम्झनु पर्छ।

(क१०) **“सार्वजनिक स्थान”** भन्नाले प्रदेश भित्रको सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, मार्ग वा सर्वसाधारण आउने जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरू चढ्न, उत्रन वा सवारी राख्न निर्धारित ठाउँलाई समेत जनाउँछ।

(क११) **“स्थानीय मार्ग”** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम दूरीको गन्तव्य स्थानसम्मको मार्ग सम्झनु पर्छ।

(क१२) **“सुरक्षाकर्मी”** भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ र सो शब्दले प्रहरी कर्मचारीलाई समेत जनाउँनेछ।

(क१३) **"सवारी"** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

(क१४) **"सवारीको वजन"** भन्नाले सवारीको मेसिनरी सहितको कूल वजन सम्झनु पर्छ र सो शब्दले सवारीको कूल भार वहन क्षमता समेतलाई जनाउँछ।

(क१५) **"क्षेत्र"** भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्गत पर्ने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद – २

## सवारीको वर्गीकरण

३. ठूला सवारीः दश टनभन्दा बढी वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची –१ को खण्ड (क) मा उल्लेखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई ठूला सवारी भनिनेछ।

४. मझौला सवारी : चार टनदेखि दश टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची –१ को खण्ड (ख) मा उल्लेखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई मझौला सवारी भनिनेछ।

५. साना सवारी : चार टनभन्दा कम वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची –१ को खण्ड (ग) मा उल्लेखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई साना सवारी भनिनेछ।

६. तीन पांग्रे सवारी : यान्त्रिक शक्तिबाट चल्ने अनुसूची -१ को खण्ड (घ) मा उल्लिखित सवारीलाई तीन पांग्रे सवारी भनिनेछ।

७. दुई पांग्रे सवारी : यान्त्रिक शक्तिबाट चल्ने अनुसूची -१ को खण्ड (ङ) मा उल्लिखित सवारीलाई दुई पांग्रे सवारी भनिनेछ।

८. निर्माण उपकरण सवारी : अनुसूची- १ को खण्ड (च) मा उल्लिखित सवारीलाई निर्माण उपकरण सम्बन्धी सवारी भनिनेछ।

९. अफरोड सवारी : अनुसूची -१ को खण्ड (छ) मा उल्लिखित सवारीलाई अफरोड सवारी भनिनेछ।

१०. विशेष सवारी : अनुसूची - १ को खण्ड (ज) मा उल्लिखित सवारीलाई विशेष सवारी भनिनेछ।

११. विशिष्ठ सवारी : अनुसूची - १ (झ) मा व्यवस्था गरिए वमोजिमका सवारी साधनलाई विशिष्ठ सवारी भनिनेछ।

१२. <u>सार्वजनिक सवारी</u> :

(१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्न इजाजत प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्रुबाहक र मालबाहक गरी विभाजन गरिनेछ।

(३) यात्रीबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछः–

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा र

(ग) साधारण (लोकल) सेवा।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची - २ को खण्ड (ख) मा लेखिए बमोजिम नम्बर प्लेट राख्नु पर्नेछ ।

१३. <u>पर्यटक सवारी</u> :

(१) पर्यटकलाई यातायात सेवा प्रदान गर्न तोकिए वमोजिम इजाजत प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि तोकिएबमोजिम स्टीकर टाँस गर्नु पर्ने छ।

(३) पर्यटक सवारीको पहिचानको लागी सो सवारीको अगाडी तथा पछाडी अनुसूची - २ को खण्ड (घ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ।

१४. <u>निजी सवारी</u> :

(१) निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी भनिनेछ।

(२) निजी सवारी व्यवसायिक रुपमा यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(३) निजी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची – २ को खण्ड (ग) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ।

१५. <u>सरकारी तथा संस्थानको सवारी</u> :

(१) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारको वा कुनै सरकारी कार्यालयको नाममा दर्ता रहेको सवारीलाई सरकारी सवारी भनिनेछ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची – २ को खण्ड (क) मा तोकिए बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा कुनै सरकारी कार्यालयको पूर्ण, अधिकांस वा आंशिक स्वामित्व भएको संगठित संस्थाको सवारी साधनलाई संस्थानको सवारी भनिनेछ ।

(४) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची – २ को खण्ड (ङ) मा तोकिए बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ।

१६. कूटनीतिक सुविधा प्राप्त सवारी :

(१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ ।

(२) कूटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची–२ को खण्ड (च) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ।

१७. अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुने :

(१) कुनै एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को प्रयोजनको लागि प्रयोग गर्न हुँदैन।

(२) भन्सार महसुल छूट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छूट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न हुँदैन।

## परिच्छेद– ३

## सवारी साधन दर्ता सम्बन्धी व्यवस्था

१८. प्रवेश दर्ता गराउनु पर्ने :

(१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो सवारी सोझै यस प्रदेश भित्र प्रवेश गर्ने स्थानमा रहेको भन्सार कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गराउनको लागि निवेदन परेमा सम्वन्धित भन्सार कार्यालयले त्यस्तो सवारी साधन खरीद गरेको प्रमाण र सम्बन्धित कागजात छानबिन गरी त्यस्तो सवारीलाई प्रवेश प्रयोजनका लागि मात्र पन्ध्र दिनको लागि प्रवेश दर्ता गरी

त्यस्तो सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको प्रमाण दिनु पर्नेछ र त्यस्तो सवारीको विवरण यथाशीघ्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ ।त्यसरी प्रवेश गराईएको सवारी साधन आयतकर्ता कम्पनी फर्म वा व्याक्ति ले सोझै आफ्नो गोदाम/शो-रुममा लग्नु पर्नेछ । त्यस्तो सवारीमा संम्वन्धित भंसार कार्यालयले तोकिएको स्टीकर टाँस गर्नु पर्नेछ ।

१९. <u>सवारी दर्ता गराउनु पर्ने</u> :

(१) कुनै पनि सवारी खरिद गर्ने वा विदेशबाट आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले वा सवारी बिक्री वितरण गर्ने एजेण्टले सवारी खरिद गरेको वा आयात गरी नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पन्ध्र दिनभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

तर सरकारी निकायले आयात गरेकोमा नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पैंतीस दिनभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गराउनु पर्नेछ।

(२) विभिन्न विकास साझेदार तथा विदेशी लगानीमा संचालित आयोजना सम्पन्न भए पश्चात् ती आयोजनाबाट नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुंदाका बखत प्राप्त भएका सवारी साधन वा दर्ता छुट भएका पुराना सरकारी सवारी साधन सम्बन्धित मन्त्रालयबाट निर्णय भई आएमा मन्त्रालयले तोकेको मापदण्ड बमोजिम दर्ता गर्नु पर्नेछ।

(३) सवारी साधनको पाटपुर्जा आयात गरी वा नेपालभित्रनै सवारीको निर्माण गर्ने कम्पनीले तोकिएको निकायले सञ्चालन योग्य रहेको भनी प्रमाणीत गरेपछि मात्र उत्पादन प्लान्टबाट गोदाम वा शो-रुममा लैजान पर्नेछ।

(४) उपदफा (३) बमोजिमको सवारी साधन संचालन योग्य रहेको भनी प्रमाणीत गरेको १५ (पन्ध्र) दिनभित्र यातायात ब्यवस्था कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

(५) उपदफा (१), (२) र (४) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिन हुँदैन।

२०. <u>सवारी दर्ता गराउन निवेदन दिनु पर्ने</u> :

(१) दफा १९ बमोजिम कुनै सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी नेपालभित्र खरीद गरेको भए खरीद गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेण्टले सो खरीद गरेको प्रमाण र त्यस्तो सवारी विदेशबाट आयात गरेको भए आयात गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सवारीको भन्सार महसुल तिरेको प्रमाण तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको

ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

तर कूटनीतिक सुविधा प्राप्त सवारी दर्ता गर्दा दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो समेत निवेदन साथ संलग्न गर्नुपर्नेछ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र कूटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसपत्र समेत संलग्न गर्नु पर्नेछ र कूटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता गर्नु पर्ने भएमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिस साथै निजले आफ्नो राहदानी वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि एवं तीन प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नु पर्नेछ।

(४) नेपालभित्र कुनै काम तथा व्यवसाय गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको लागि कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा उल्लेखित कुराका अतिरिक्त देहायका कागजात पेश गर्नु पर्नेछः–

(क) भिषा आवश्यक पर्नेमा भिषा सहितको राहदानीको प्रतिलिपि,

(ख) भिषा आवश्यक नपर्ने मुलुकको नागरिक भए अन्य तोकिएको कागजातहरु,

(ग) आफू बसोबास गरिरहेको क्षेत्रको ठेगाना खुल्ने प्रमाण,

(घ) सम्बन्धित कूटनीतिक नियोगको सिफारिशपत्र,

(ङ) नेपाल भित्र कुनै काम तथा व्यवसाय गरी वसेको प्रमाणका प्रतिलिपी,

(५) नाबालकको नाममा कुनै सवारी नामसारी गराउनु परेमा निजको तर्फबाट निजको संरक्षकले नाबालक तथा आफ्नो समेत तीन तीन प्रति पासपोर्ट साइजको फोटो, नाबालक परिचयपत्रको प्रतिलिपि एवं संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी निवेदन दिनु पर्नेछ।

२१. <u>सवारी दर्ताको प्रमाणपत्र</u> :

(१) दफा २० बमोजिम कुनै सवारी दर्ता गराउनको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी निवेदकको नाममा त्यस्तो सवारी दर्ता गरी अनुसूची – ३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

तर सरकारी कार्यालय वा निकाय, सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाको नाममा बाहेक चौध भन्दा बढी सीट संख्या भएका र कृषि कार्यको लागि नै प्रयोग हुने ट्र्याक्टर बाहेक चार टन वा सो भन्दा बढी कुल वजन भएका सवारीलाई निजी सवारीको रुपमा दर्ता गरिने छैन।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षक समेतको नाम दर्ता प्रमाणपत्रमा उल्लेख गर्नु पर्नेछ।

(३) दर्ताको प्रमाणपत्रमा सवारी खरीद गर्दा सवारीको निर्माण कम्पनीले दिएको सवारीको प्राविधिक विवरणमा उल्लेख भएको सवारीको कूल भारवहन क्षमतालाई सो सवारीको वजन मानी उल्लेख गर्नु पर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा त्यस्तो सवारीको भार रहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै रूपमा स्पष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ।

२२. <u>सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र लिनुपर्ने</u> : दफा २१ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा पहिला त्यस्तो सवारी चलाउन सकिने भन्ने तोकिए बमोजिमको प्रमाणपत्र सवारी धनी वा व्यवस्थापकले पेश गर्नुपर्नेछ।

२३. <u>संयुक्त दर्ता</u> : कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुई भन्दा बढी व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष दफा २० बमोजिम निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी त्यस्तो सवारीलाई संयुक्त रूपमा दर्ता गरी दफा २१ बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

२४. <u>अस्थायी दर्ता</u> : देहायको अवस्थामा कुनै सवारीलाई सम्वन्धित यातायात व्यवस्था कार्यालयले अस्थायी रूपमा दर्ता गर्न सक्नेछ :–

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्याद भित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) आयात गरिएको सवारीको इन्जीन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीको कारणले गर्दा दर्ता गराउन तत्काल सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्थामा परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बीमा कम्पनीसंग क्षतीपूर्ति बीमा सम्बन्धी विवाद परी तुरून्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लेखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि सिफारिश भएको सवारी साधन भएमा,

(ङ) मन्त्रालयले अस्थायी दर्ता गर्न उपयुक्त ठानेमा ।

२५. <u>अस्थायी दर्ताको लागि निवेदन दिनुपर्ने</u> :

(१) दफा २४ मा लेखिएको कुनै अवस्था परी कुनै सवारी आयात गर्ने व्यक्ति, संस्था वा निजको अनुपस्थितिमा निजको नजिकको हकवालाले सो सवारी आयात गर्ने व्यक्तिको नाममा अस्थायी रूपमा दर्ता गर्न सो सवारीको भन्सार महसूल तिरेको प्रमाण तथा अन्य सम्बन्धित कागजातसहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदकले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अस्थायी दर्ता गर्नुपर्ने परिस्थिती जनिने कागजात, नजिकको हकवाला प्रमाणित गर्ने कागजात र अस्थायी दर्ता गरिने व्यक्तिको हालसालै खिचिएको तीन प्रति फोटो समेत संलग्न गर्नु पर्नेछ।

२६. <u>अस्थायी दर्ताको प्रमाणपत्र</u> :

(१) दफा २५ बमोजिम कुनै सवारी अस्थायी दर्ता गराउनको लागि कसैको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले सो सवारी दफा २४ बमोजिम अस्थायी दर्ता गर्न सकिने अवस्था भए नभएको भन्ने कुराको छानविन गरी त्यस्तो सवारी अस्थायी रूपमा दर्ता गरी अनुसूची – ४ बमोजिमको ढाँचामा अस्थायी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) अस्थायी दर्ताको प्रमाणपत्रमा सो सवारीमा राख्नु पर्ने नम्बर प्लेटमा अस्थायी समेत लेख्नु पर्ने कुरा जनाउनु पर्नेछ र सो को विवरण कार्यालयमा छुट्टै दर्ता कितावमा जनाई राख्नु पर्नेछ।

(३) अस्थायी दर्ताको प्रमाणपत्र बढीमा छ महिनासम्म बहाल रहने गरी दिन सकिनेछ ।

२७. <u>सवारी ल्याउनु पर्ने</u> : दफा १८, १९, २०, २३ र २४ को खण्ड (क), (ग), (घ) बमोजिम कुनै सवारी दर्ता गर्न दफा ४१ बमोजिम सवारी नामसारी गर्न र दफा ४३ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि निवेदन दिंदा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी, जाँचपास वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत संम्वन्धित कार्यालयमा साथै ल्याउनु पर्नेछ।

२८. <u>मापदण्ड तोक्न सक्ने</u> : मन्त्रालयले संघिय कानूनको प्रतिकुल नहुने गरी सवारी साधनको मापदण्ड तोक्न सक्नेछ।

२९. <u>सवारी दर्ता गर्न इन्कार गर्न सकिने</u> :

(१) कुनै सवारी दर्ता गर्नका लागि निवेदन परी सो सवारी दर्ता गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीले सो सवारीलाई तोकिएका मापदण्ड बमोजिम नभएमा दर्ता गर्न इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरिएमा अधिकार प्राप्त अधिकारीले सोको कारण खुलाई निवेदकलाई सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा १९ बमोजिम गरिने दर्ता रोक्का गर्न मनासिब देखेमा मन्त्रालयले यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्न आदेश दिन सक्नेछ।

३०. <u>दर्ताको मान्यता</u> : प्रचलित कानून बमोजिम अन्य कुनै प्रदेशमा दर्ता भएको सवारी साधन यस प्रदेशमा पनि चलाउन सकिने गरी मान्यता दिइनेछ।

३१. <u>सरूवा दर्ता</u> :

(१) अन्य प्रदेशमा दर्ता भएको सवारी यस प्रदेशमा सरुवा दर्ता गर्नु परेमा सवारी दर्ता रहेको कार्यालयको दर्ता अभिलेख सहितको पत्रसाथ दर्ताको प्रमाणपत्र, आफ्नो हालसालै खिचेको तीन प्रति पासपोर्ट साइजको फोटो र तोकिएको दस्तुरसमेत संलग्न राखी तोकिएको ढाँचामा सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष सरुवा दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(२) यस प्रदेश अन्तर्गत कुनै एक कार्यालयमा दर्ता भएको सवारी अन्य कार्यालयमा सरुवा दर्ता गर्नु परेमा सवारी दर्ता रहेको कार्यालयको दर्ता अभिलेख सहितको पत्रसाथ दर्ताको

प्रमाणपत्र, आफ्नो हालसालै खिचेको तीन प्रति पासपोर्ट साइजको फोटो र तोकिएको दस्तुरसमेत संलग्न राखी तोकिएको ढाँचामा सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष सरुवा दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन परेमा अधिकारप्राप्त अधिकारीले तोकिएको मापदण्डको अधिनमा रही त्यस्तो सवारीको जाँचबुझ गरी सरुवा दर्ता गर्न उपयुक्त देखेमा उक्त सवारीको सरुवा दर्ता गरी सवारी धनीलाई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(४) यस प्रदेशमा दर्ता रहेको सवारी अन्य प्रदेशमा वा यस प्रदेश अन्तर्गतका अन्य कार्यालयमा सरुवा दर्ताको लागि सवारी धनीले सहमति मागेमा तोकिएको मापदण्डको अधिनमा रही सरुवा सहमति दिन सकिनेछ।

३२. <u>सवारीको अभिलेख राख्नु पर्ने</u> :

(१) अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारी धनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, इन्जीन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन लगायतका कुरा स्पष्ट रूपमा खुल्ने गरी अभिलेख अद्यावधिक गर्नु पर्नेछ र त्यस्तो अभिलेखमा सम्बन्धित सवारी धनीको फोटो समेत टाँस्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिमको अभिलेख विद्युतीय माध्यममा समेत राख्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम लगत प्रदेशको कम्प्युटर प्रणाली केन्द्रीय डाटाबेसमा सुरक्षित राखिनेछ।

(४) उपदफा (१) बमोजिम अद्यावधिक गरिएको लगत सम्बन्धित कार्यालयले प्रदेश तथ्याङ्क डाटाबेशमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मन्त्रालयले दुर्घटना न्यूनीकरणका लागि आवश्यक कार्य योजना बनाई भिन्नै डाटा बेस तयार गर्नु पर्नेछ।

३३. <u>अनुमति नलिई विदेशी सवारी चलाउन नहुने</u> : विदेशमा दर्ता भएको सवारी प्रचलित कानून बमोजिम अनुमति नलिई प्रदेश भर चलाउन हुँदैन।

३४. <u>विदेशी सवारी चलाउन अनुमति दिने</u> :

(१) यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी प्रदेशभित्र चलाउन भन्सार तिरेको प्रमाण सहित अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर

लिई एक सवारीलाई एक आर्थिक वर्षमा तीन महिनामा नबढ्ने गरी सवारी चलाउने अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार वा प्रदेश सरकार र विदेशी सरकारबीच एक अर्को देशमा यातायात सञ्चालन गर्ने गरी सम्झौता भएकोमा पारस्पारिकताको आधारमा विदेशी सवारी प्रदेशभित्र चलाउन बाधा पर्ने छैन ।

३५. <u>दर्ताको प्रमाणपत्र नविकरण</u> :

(१) दफा २१ को उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महीना भित्र दर्ताको प्रमाणपत्र नविकरण गराई सक्नु पर्नेछ ।

(२) सवारी धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र नविकरण गराउनको लागि तोकिएको दस्तुर समेत संलग्न राखी दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

तर कुटनीतिक सुविधाप्राप्त सवारीको दर्ताको प्रमाणपत्र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

(३) उपदफा (२) बमोजिम नविकरणको लागि दर्ताको प्रमाणपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र अर्को एक वर्षको लागि नविकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी दर्ताको प्रमाणपत्र नविकरण गराउन आउने सवारी धनीबाट नविकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म एकसय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुईसय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीनसय प्रतिशत, चार आर्थिक वर्षसम्म चारसय प्रतिशत र पाँच आर्थिक वर्षसम्म पाँचसय प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाणपत्र नविकरण गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम नविकरण गर्दा दर्ता प्रमाणपत्रमा सवारी साधनको कर बुझाएको विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

३६. <u>अधिकार प्राप्त अधिकारीले सूचना गर्न सक्ने</u> : दफा ३५ को उपदफा (१) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्र नविकरण गर्न नल्याएमा कूटनीतिक सुविधा प्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कूटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र नविकरण गर्न सूचना गर्न सक्नेछ।

३७. <u>नविकरण सम्बन्धी विशेष व्यवस्था</u> : दफा ३५ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी तथा संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको एकै पटक नविकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नविकरण दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको लागि एकै पटक नविकरण गर्न सक्नेछ । यसरी नविकरण गर्दा सो अवधिको सवारी साधन कर समेत अनिवार्य रुपमा भूक्तानी गर्नु पर्नेछ।

३८. <u>दर्ताको प्रमाणपत्र स्वतः रद्द हुने</u> :

(१) दफा ३५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नविकरण नगराएमा स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारीको अभिलेख दर्ता किताबबाट हटाईनेछ ।

३९. <u>पुनः दर्ता हुन सक्ने</u> : दफा ३८ बमोजिम दर्ताको प्रमाणपत्र रद्द भएको सवारी धनीले पूनः दर्ताको लागी निवेदन दिएमा जति बर्षपछि दर्ताको लागी ल्याएको हो त्यति वर्षको लिन बाँकि नविकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त थप दस्तुरको दोब्बर जरिवाना समेत लिइ त्यस्तो सवारी दफा २१ बमोजिम दर्ता गरी सवारी धनिलाई नयाँ प्रमाणपत्र दिनुपर्नेछ ।

४०. <u>सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने</u> :

(१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी धनीको स्थायी ठेगाना बदलिएमा एक महीनाभित्र दर्ताको प्रमाणपत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई अभिलेख राख्नु पर्नेछ ।

४१. <u>सवारीको नामसारी</u> :

(१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान, बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पैतीस दिनभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाण समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले तीन महिनाभित्र सवारी धनीको मृत्यु दर्ता प्रमाणपत्र,

सवारी दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाण, स्थानीय तहको सिफारिस तथा आफू सबै भन्दा नजीकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको ब्यहोरा जनाई नामसारी गर्नु पर्नेछ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एक भन्दा बढी बराबरीका हकवालाको निवेदन परेमा ती सबै हकवालाको नाममा त्यस्तो सवारी संयुक्तरूपमा दर्ता गरी नामसारी गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको ब्यहोराको अभिलेख राख्नु पर्नेछ।

(५) कुनै सवारी धनीले सवारीको नामसारीको लागि यस दफा बमोजिम अधिकारप्राप्त अधिकारी समक्ष उपस्थित हुन नसक्ने मनासिव कारण देखाइ कार्यालयबाट डोर खटाइ सवारी नामसारीको व्यवस्था गरिदिन निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको थप दस्तुर लिई डोर खटाई छानविन गरी उपदफा (३) बमोजिम नामसारी गरिदिन सक्नेछ।

(६) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले छानविन गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

४२. <u>दर्ता परिवर्तन गर्न नहुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालबाहक सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई यात्रीबाहक सवारीमा दर्ता परिवर्तन गर्ने गरी दर्ताको प्रमाणपत्र दिइने छैन।

४३. <u>स्वीकृति नलिई हेरफेर गर्न नहुने</u> :

(१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, सीट संख्या, स्वरूप, इन्जीन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु पर्दा स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी हेरफेर गर्न उपयुक्त हुने देखेमा तोकिए वमोजिम हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिंदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लाग्नेछ।

४४. <u>दर्ताको प्रमाणपत्र स्थगित गर्न सक्ने</u> :

(१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछः–

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानि नोक्सानी हुने देखिएमा सो सवारी पूर्णरुपमा मर्मत नगरेसम्मको अवधिको लागि,

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै शर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको परिधिभित्र रही अधिकार प्राप्त अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महीनासम्मको लागि,

(ग) सवारी धनीले कारण खुलाई प्रहरी प्रतिवेदन समेत संलग्न गरी सवारी दर्ता स्थगनको लागि अधिकारप्राप्त अधिकारी समक्ष निवेदन दिएमा र त्यस्तो कारण मनासिव देखिएमा एक पटकमा एक वर्षको अवधिसम्मको लागि ।

तर यस्तो अवधिको हकमा कर तथा दस्तुर छुटको सुविधा दिईने छैन।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गर्ने गरी सवारी धनीलाई आदेश दिंदा अधिकार प्राप्त अधिकारीले सोको कारण समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकारप्राप्त अधिकारीले त्यसको जानकारी सम्वन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिनभित्र सवारी धनीले दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ।

(५) अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै फिर्ता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारी धनीलाई फिर्ता दिंदा अधिकार प्राप्त अधिकारीले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत जनाई सो कुराको अभिलेख राखुपर्नेछ।

४५. **<u>दर्ताको प्रमाणपत्र खारेज गर्ने</u>** : अधिकार प्राप्त अधिकारीले देहायको कुनै अवस्थामा यस ऐन बमोजिम दर्ता भएको सवारीको दर्ता खारेजी गरी अभिलेख कट्टा गर्न सक्नेछः–

(क) कुनै सवारी कुनै किसिमले नासिएमा, चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा सवारी धनीले एक महिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको अभिलेख कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिएमा,

तर पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लैजान परेमा सवारी धनीले अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ।

(ख) दफा ४४ को उपदफा १ को खण्ड (ख) को अवस्था पटक-पटक दोहरीएमा।

(ग) उजुरी, निवेदन वा कुनै जानकारीको आधारमा छानविन गर्दा कुनै सवारी अनियमित तवरले वा गलत वा झुट्टा कागजात वा विवरणको आधारमा दर्ता गरिएको पाइएमा मन्त्रालयको सहमति लिई त्यस्तो सवारीको सवारी दर्ता अधिकार प्राप्त अधिकारीले खारेज गर्न सक्नेछ।

४६. **<u>नविकरण दस्तुर मिनाहा दिने</u>** : यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चल्न वा चलाउन नसकिने भएमा सवारी धनीले सो ब्यहोरा खुलाई दर्ताको प्रमाणपत्रको साथ सो कुराको पुष्टी प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खिची सो सवारी चलाउन नसकिने अवधिसम्मको लागि उक्त सवारीको धनीले तिर्नु पर्ने नविकरण दस्तुर मिनाहा दिन सक्नेछ।

४७. **<u>दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिने</u>** :

(१) दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले पन्ध्र दिनभित्र सवारी धनीले संम्वन्धित प्रहरी कार्यालयको सिफारिस सहित अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानबिन गर्दा ब्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले सवारी धनीलाई त्यस्तो दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

४८. <u>विवरण पेश गर्नु पर्ने</u> :

(१) विदेशबाट सवारी आयात गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले आयात गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम, निर्माताको नाम र आयात मूल्य समेत उल्लेख गरी त्यस्तो सवारी मध्ये कुन सवारी कसलाई कहिले बिक्री गरेको र आफूले आयात गरी बाँकी रहेको सवारी मध्ये कति सवारी मौज्दात रहेको छ भन्ने समेत खुलाई चौमासिक रुपमा अधिकार प्राप्त अधिकारी समक्ष विवरण पेश गर्नु पर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी आयात गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरण अतिरिक्त सवारी आयात तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ । त्यसरी मागिएको विवरण तथा कागजात तुरुन्त उपलव्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ ।

## परिच्छेद– ४

## <u>चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

४९. <u>सवारी चलाउन नहुने</u> : कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन ।

५०. <u>सवारी चलाउन दिन नहुने</u> : कसैले आफ्नो स्वामित्व वा जिम्मामा रहेको कुनै सवारी साधन सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई चलाउन दिन हुँदैन ।

५१. <u>चालकको योग्यता</u> :

(१) देहायका व्यक्ति देहाय बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छन्ः–

(क) ठूला तथा मझौला सवारीको हकमा एक्काइस वर्ष उमेर पुरा गरेको व्यक्ति,

(ख) साना तथा तीन पाङ्ग्रे सवारीको हकमा अठार वर्ष उमेर पुरा गरेको व्यक्ति,

(ग) दुईपाङ्ग्रे सवारीको हकमा सोह्र वर्ष उमेर पुगेको व्यक्तिले चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेछ ।

(२) देहायका व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छैनन्ः–

(क) छारे रोग भएको वा मानसिक असन्तुलन भएको कारणले सवारी साधन चलाउन असमर्थ भएको,

(ख) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको,

(ग) साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने,

(घ) रातो, हरियो, पहेंलो इत्यादि रङहरू तुरून्त छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ङ) रतन्धो भएको व्यक्ति,

तर फरक क्षमता भएका व्यक्तिका निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन।

(च) साधारण लेखपढ गर्न नजान्ने व्यक्ति,

(छ) दफा ६५ बमोजिम चालक अनुमतिपत्र रद्द भएकोमा त्यस्तो रद्द भएको मितिले पाँच वर्ष अवधि पूरा नभएको व्यक्ति,

(ज) हात खुट्टा शक्तिहिन भई काम दिन नसक्ने भएको व्यक्ति,

तर फरक क्षमता भएका व्याक्तिको निमित्त खास किसिमले वनेका सवारीको निमित्त यो खन्डको वन्देज लागू हुने छैन।

(झ) ठुला तथा मझौला सवारीको हकमा साठी बर्ष उमेर पुगेको।

५२. <u>चालक अनुमतिपत्रको लागि निवेदन</u> :

(१) दफा ५१ बमोजिमको योग्यता भएको व्यक्तिले तोकिए बमोजिमको प्रशिक्षण प्रमाण पत्र सहित चालक अनुमतिपत्रका लागि तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ निवेदकले उपदफा (३) मा तोकिएबमोजिमको कागजातहरु, चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचिएको तीन प्रति पासपोर्ट साइजको फोटो, मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरी दिएको निरोगिताको प्रमाण पत्र समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण उपकरण सवारी चालक अनुमतिपत्रको लागि स्वीकृत प्राप्त तालिम केन्द्रबाट तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(४) कुनै सवारी साधन चलाउन अनुमति पत्र प्राप्त गरिसकेका चालकलाई अर्को सवारी साधनको लागि थप अनुमति पत्र दिंदा लिखित परीक्षा लिइने छैन ।

५३. <u>निवेदकको परीक्षण</u> :

(१) दफा ५२ बमोजिम निवेदन परेपछि निवेदक सवारी चलाउन योग्य भए नभएको र निजलाई त्यस्तो सवारी वा सवारी सम्बन्धी ऐन, नियम तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान भए नभएको कुराको एकिन गर्न परीक्षा लिनु पर्नेछ । त्यसरी लिइने लिखित एवम् प्रयोगात्मक परीक्षाको किसिम विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने निवेदकले सो परीक्षा सम्पन्न भएको मितिले एक महिना पछिमात्र दफा ५२ बमोजिम पुनः निवेदन दिन सक्नेछ।

५४. <u>चालक अनुमतिपत्र दिने</u> :

(१) दफा ५३ बमोजिम परीक्षा लिई सफल भएका निवेदकलाई दफा १८८ बमोजिमको परिक्षा समितिको सिफारिसमा अधिकार प्राप्त अधिकारीले अनुसूची – ५ बमोजिमको ढाँचामा नब्बे दिनभित्र चालक अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा सो अनुमतिपत्रमा कुन सवारीको लागि अनुमतिपत्र दिएको हो सो कुरा स्पष्ट रूपमा जनाउनु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सवारी चलाउने चालकलाई दिइने चालक अनुमतिपत्र सम्बन्धी छुट्टै मापदण्ड तोक्न सकिने छ।

५५. <u>परीक्षणकालमा रहने</u> :

(१) दफा ५४ बमोजिम दिइने चालक अनुमतिपत्र एक वर्षको परीक्षणकाल रहने गरी दिइनेछ।

(२) चालक अनुमतिपत्र लिएका चालकले परीक्षणकालको अवधिमा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नुपर्ने शर्तको उल्लंघन गरी पाँच भन्दा बढी डिमेरिट अङ्क प्राप्त नगरेमा निजको सम्बन्धित वर्गको चालक अनुमतिपत्र स्वतः स्थायीमा परिणत हुनेछ।

५६. <u>विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यता</u> : कसैले विदेशी राष्ट्रबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने सो अनुमतिपत्रमा लेखिएको सवारी चलाउन त्यस्तो व्यक्तिले

दफा ५२ बमोजिम निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ ।

तर त्यस्तो चालक अनुमतिपत्रको लागि प्रयोगात्मक परीक्षा दिनु पर्नेछ । आफ्नो राष्ट्रबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेका विदेशी कुटनैतिक नियोगमा काम गर्ने कर्मचारीको हकमा परराष्ट्र मन्त्रालयबाट सिफारिश भई आएमा कुनै परीक्षा नलिई सवारी चालक अनुमति पत्र दिईनेछ ।

५७. <u>अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र स्वतः मान्य हुने</u> : अन्तर्राष्ट्रिय सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको सवारी प्रदेशभर चलाउन सक्नेछ ।

५८. <u>चालक अनुमतिपत्रको वैद्यता</u> :

(१) दफा ५४ बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा उल्लेखित सवारी मात्र चलाउन सक्नेछ ।

(२) चालक अनुमतिपत्र दिइएको मितिले दश वर्षसम्म बहाल रहनेछ ।

५९. <u>चालक अनुमतिपत्रमा थप वर्ग समावेश गर्ने</u> :

(१) कुनै चालकले आफूले पाएको चालक अनुमतिपत्रमा उल्लेखित सवारीका अतिरिक्त अन्य कुनै वर्गको सवारी थप गर्न चाहेमा सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा दफा १८८ बमोजिमको परीक्षा समितिले प्रयोगात्मक परिक्षा लिइ साविक सवारी चालक अनुमतिपत्रमा थप वर्ग समावेस गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम परीक्षा लिंदा सफल भएको चालकको अनुमतिपत्रमा निजले चाहेको वर्ग थप गरी अधिकार प्राप्त अधिकारीले साविक वर्गको बहाल रहने मितिसम्म कायम हुनेगरी नयाँ चालक अनुमतिपत्र दिनु पर्नेछ ।

६०. <u>चालक अनुमतिपत्रको नवीकरण</u> :

(१) दफा ५८ को उपदफा (३) बमोजिम चालक अनुमतिपत्रमा लेखिएको म्याद समाप्त भएको तीन महिना भित्र त्यस्तो चालक अनुमतिपत्र नविकरण गराई सक्नु पर्नेछ ।

(२) चालकले उपदफा (१) बमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नविकरण गराउनको लागि तोकिएको दस्तुर बुझाएको प्रमाण संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नविकरणको लागि चालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र अर्को दश वर्षसम्मको लागि नविकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) वमोजिमको म्याद नाघी चालक अनुमती पत्र नविकरण गराउन आउने चालकवाट नविकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्ष सम्म सत् प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्ष सम्म तीन सय प्रतिशत, चार वर्ष सम्म चार सय प्रतिशत र पाँच वर्ष सम्म पाँचसय प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो चालक अनुमतीपत्र नविकरण गर्नु पर्नेछ ।

६१. <u>चालक अनुमतिपत्र स्वतः रद्द हुने</u> :

(१) दफा ६० को उपदफा (४) बमोजिमको अवधिसम्ममा नविकरण नगरिएको चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) ठुला तथा मझौला सवारीको हकमा पैसठ्ठी बर्ष उमेर पुगेको चालकको सवारी चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम रद्द भएको चालक अनुमतिपत्र अभिलेखबाट हटाइनेछ।

(४) उपदफा (३) बमोजिम अभिलेख हटाइएको चालक अनुमतिपत्र नविकरण गरिने छैन ।

६२. <u>नविकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने</u> : सवारी चालकले चालक अनुमतिपत्र नविकरण गराउँदा कार्यालयले तोकेको मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

६३. <u>चालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने</u> :

(१) चालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले चालकको नयाँ ठेगाना समेत अभिलेखमा जनाउन लगाउनु पर्नेछ ।

६४. <u>चालक अनुमतिपत्र निलम्बन तथा रद्द गर्ने</u> :

(१) अधिकारप्राप्त अधिकारीले देहायको अवस्थामा देहायको अवधिसम्म चालकको चालक अनुमतिपत्र निलम्बन गर्न सक्नेछः–

(क) कुल १० वा सो भन्दा बढी डिमेरिट अङ्क प्राप्त गर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने शर्तहरु उल्लंघन गरेको प्रमाणित भएमा छ महिनासम्म,

(ख) १५ डिमेरिट अङ्क भन्दा वढी प्राप्त गरेमा सात महिनासम्म,

(ग) २० डिमेरिट अङ्क भन्दा वढी प्राप्त गरेमा आठ महिनासम्म,

(घ) मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा पहिलो पटकका लागि तीन महिना र दोस्रो पटकका लागि छ महिनासम्म र

(ङ) निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा पहिलो पटक भए ५० जरिवाना अङ्क र दोस्रो पटक भए तीन महिनासम्म,

(२) अधिकारप्राप्त अधिकारीले देहायको अवस्थामा चालक अनुमतिपत्र रद्द गर्न सक्नेछः

(क) उपदफा (१) को खण्ड (घ) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा,

(ख) उपदफा (१) को खण्ड (ङ) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक निर्धारित भन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा,

(ग) चालक अनुमतिपत्र लिएका चालकले परीक्षणकालको अवधिमा पाँच भन्दा बढी डिमेरिट अङ्क प्राप्त गरेमा ।

(३) उपदफा (१) वा (२) वमोजिम निलम्वन वा रद्द गरिएका सवारी चालक अनुमती पत्रको विवरण अधिकार प्राप्त अधिकारीले प्रकाशित गर्नु पर्नेछ ।

६५. <u>चालक अनुमतिपत्र खारेज गर्न सकिने</u> :

(१) दफा ५१ बमोजिमको कुनै योग्यता नभएको प्रमाणित भएमा वा झुट्टा विवरण पेश गरी चालक अनुमतिपत्र प्राप्त गरेकोमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ।

(२) सवारी चालकको लापरवाहीका कारण भएको सवारी दुर्घटनाबाट मानिसको अंगभंग भएको वा मृत्यु भएको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमति पत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र चालकले आफ्नो अनुमतिपत्र अधिकार प्राप्त अधिकारीसमक्ष फिर्ता बुझाउनु पर्नेछ ।

६६. <u>चालक अनुमतिपत्रको प्रतिलिपि दिने</u> :

(१) चालक अनुमतिपत्र हराएमा, नासिएमा वा कुनै कारणले काम नलाग्ने भएमा पैंतीस दिनभित्र चालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष चालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानबीन गरी ब्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले चालकलाई चालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ ।

६७. <u>स्वचालित (अटोमेटिक) सवारी अनुमतिपत्र सम्बन्धी व्यवस्था</u> :

(१) प्रविधियुक्त स्वचालित सवारी चलाउनको लागि मात्र छुट्टै चालक अनुमतिपत्रको व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. <u>प्रशिक्षार्थी चालक सम्बन्धी व्यवस्था</u> : प्रशिक्षार्थी सवारी चालक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –५

## <u>परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

६९. <u>अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुने</u> :

(१) कुनै पनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन ।

(२) परिचालक अनुमतिपत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन ।

७०. <u>परिचालकको लागि योग्यता</u> : देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न योग्य हुनेछः

(क) अठार वर्ष उमेर पुगेको,

(ख) साधारण लेखपढ गर्न जान्ने,

(ग) निरोगिताको प्रमाणपत्र भएको ।

७१. <u>परिचालक अनुमतिपत्रको लागि निवेदन दिने</u> :

(१) दफा ७० बमोजिमको योग्यता भएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ निवेदकले परिचालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, हालसालै खिचिएको आफ्नो तीनप्रति पासपोर्ट साइजको फोटो, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र प्रचलित कानून बमोजिमको मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ ।

७२. <u>परिचालक अनुमतिपत्र दिने</u> :

(१) दफा ७१ बमोजिम परिचालक अनुमतिपत्रको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी निवेदनसाथ संलग्न ब्यहोरा साँचो देखिएमा निवेदकलाई अनुसूची – ६ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ । यसरी परिचालक अनुमतिपत्र प्राप्त व्यक्तिले आफू कार्यरत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्ने जिम्मेवारी वहन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र सो दिइएको मितिले दशवर्ष सम्म बहाल रहनेछ ।

७३. <u>परिचालक अनुमतिपत्रको नविकरण</u> :

(१) दफा ७२ को उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रमा म्याद नाघेको तीन महीनाभित्र त्यस्तो परिचालक अनुमतिपत्र नविकरण गराई सक्नु पर्नेछ ।

(२) परिचालकले उपदफा (१) बमोजिमको म्यादभित्र परिचालक अनुमतिपत्र नविकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नविकरणको लागि परिचालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालक अनुमतिपत्र अर्को दश वर्षसम्मको लागि नविकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी परिचालक अनुमतिपत्र नविकरण गराउन आउने परिचालकबाट नविकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुईसय प्रतिशत, तीन वर्षसम्म तीनसय प्रतिशत, चार वर्षसम्म चारसय प्रतिशत र पाँच वर्षसम्म पाँचसय प्रतिशत थप दस्तुर लिई त्यस्तो परिचालक अनुमतिपत्र नविकरण गर्नु पर्नेछ ।

७४. <u>परिचालक अनुमतिपत्र स्वतः रद्द हुने</u> :

(१) दफा ७३ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नविकरण नगरिएको परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्र अभिलेखबाट हटाईनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट हटाईएको परिचालक अनुमतिपत्र नविकरण गरिने छैन ।

७५. <u>परिचालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने</u> :

(१) परिचालकको स्थायी ठेगाना बदलिएमा एक महीनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले परिचालकको नयाँ ठेगाना समेत अभिलेखमा जनाउन लगाउनु पर्नेछ ।

७६. <u>परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिने</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिचालकले पालन गर्नु पर्ने शर्तहरू पाँच पटक भन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

७७. <u>परिचालक अनुमतिपत्र खारेज गर्न सकिने</u> :

(१) दफा ७० मा लेखिएको कुनै योग्यता परिचालकमा नभएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन परिचालकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र परिचालकले आफ्नो परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ ।

७८. <u>परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने</u> :

(१) परिचालक अनुमतिपत्र हराएमा वा अन्य कुनै कारणबाट नासिएमा पैंतीस दिनभित्र परिचालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी ब्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले परिचालकलाई परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ ।

## परिच्छेद – ६

## <u>यातायात व्यवस्थापन</u>

७९. **<u>सडक मार्ग निर्धारण गर्ने</u>** : मन्त्रालयले दफा ८१ बमोजिमको समितिको सिफारिसमा सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न मार्ग निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नु पर्नेछ । सडक मार्ग निर्धारण भएको स्थान/क्षेत्र वाहेकका सडकमा सार्वजनिक सवारी साधन संचालन गर्ने गरी वाटो इजाजत दिनु हुदैन ।

८०. **<u>नमूना सडक मार्ग निर्धारण गर्ने</u>** : उत्पादन वा एसेम्बल हुने वातावरणमैत्री सवारी साधन खरिद गरी संचालन गर्ने ब्यक्ति, फर्म, कम्पनी वा सहकारीबाट कुनै मार्ग निर्धारण गर्न माग भएमा मन्त्रालयले त्यस्तो सवारी साधन संचालन हुने स्थानहरु तोकी नमूना मार्ग निर्धारण गर्न सक्नेछ ।

८१. **<u>सडक मार्ग निर्धारण समिति</u>** :

(१) प्रदेश भर सहज, सरल र सुरक्षित तवरले लामो, मध्यम र छोटो मार्गको मार्ग निर्धारण गर्न देहायबमोजिमको मार्ग निर्धारण समिति रहनेछः–

(क) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - संयोजक

(ख) प्रमुख, यातायात पूर्वाधार निर्देशनालय -सदस्य

(ग) प्रमुख, यातायात व्यवस्था महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(घ) प्रमुख, प्रदेश ट्राफिक प्रहरी कार्यालय - सदस्य

(ङ) मेकानिकल इन्जिनियर, यातायात व्यवस्था महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य सचिव

तर छोटो मार्ग र स्थानीय मार्गका हकमा एकै स्थानीय तहमा भए स्थानीय कानून बमोजिम मार्ग निर्धारण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले मार्ग निर्धारण गर्दा सम्बन्धित सडकको स्तर, अवस्था, सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, सो सडकमा आवागमन गर्ने यात्रीको चाप तथा माग, सम्बन्धित सडक कार्यालय तथा स्थानीय तहको सुझाव र सो सडक हस्तान्तरण हुंदाका शर्तहरु समेतलाई ध्यानमा राख्नु पर्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय कानून नबनेसम्म यस ऐन बमोजिम सबै किसिमको मार्ग निर्धारण गर्ने अधिकार उपदफा (१) बमोजिमको समितिलाई नै हुनेछ।

८२. <u>अनुदान दिने</u> : दुर्गम तथा पिछडिएका वस्तीका जनतालाई सवारीको न्यूनतम सेवा उपलब्ध गराउन सार्वजनिक सवारी सञ्चालन गर्न प्रदेश सरकारले अनुदान दिन सक्नेछ ।

८३. <u>मास-ट्रान्सपोर्टलाई प्राथमिकता दिने</u> : मन्त्रालयले सडकको अवस्था एवं सवारी चापको आधारमा सार्वजनिक सूचना प्रकाशन गरी मास-ट्रान्सपोर्टलाई प्राथमिकता दिई निर्धारित (डेडिकेटेड) लेन प्रयोग गर्ने गरी स्वीकृत दिन सक्नेछ ।

८४. <u>मार्ग इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुने</u> : मार्ग इजाजतपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्नु हुँदैन ।

८५. <u>मार्ग ईजाजतपत्रको लागि दरखास्त</u> : यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै मार्ग प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष मार्ग इजाजतपत्रको लागि तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ । तर यस ऐनको दफा १०७ वमोजिम आफ्नो यातायात पंजिकृत नगरेका कुनैपनि सार्वजनिक सवारी साधनलाई मार्ग ईजाजतपत्र दिइने छैन ।

८६. <u>मार्ग इजाजतपत्र दिनु पर्ने</u> :

(१) दफा ८५ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन परेमा अधिकारप्राप्त अधिकारीले दफा ८७ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई नेपालभर सञ्चालन गर्न सकिने गरी वा प्रदेशमा मात्र सञ्चालन गर्न सकिने गरी वा प्रदेशको निश्चित जिल्लामा मात्र संचालन गर्न सकिने गरि वा तोकिएको निश्चित क्षेत्रमा मात्र संचालन गर्न सकिने गरी इजाजतपत्रमा तोकिएको मार्ग मात्र प्रयोग गर्न अनुसूची ७ बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनुपर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि लोकमार्गको हकमा मन्त्रालयले आवश्यक देखेमा खुल्ला प्रतिस्पर्धाबाट आवश्यक शर्तहरु तोकी मार्ग इजाजतपत्र दिने व्यवस्था गर्न सक्नेछ।

(३) अधिकार प्राप्त अधिकारीले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी कुनै मार्ग वा क्षेत्रमा मार्ग इजाजत जारी गरी सो मार्ग वा क्षेत्रमा चल्ने सवारीको किसिम एवम् समयतालिका तोक्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम दिइएको मार्ग इजाजतपत्र छ (६) महिना सम्म बहाल रहनेछ।

८७. <u>मार्ग इजाजतपत्र सम्बन्धी व्यवस्था</u> : दफा ८६ बमोजिम कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा

गरे नगरेको अधिकार प्राप्त अधिकारीले जाँच गरी पूरा गरेको भए मात्र मार्ग इजाजतपत्र दिनुपर्नेछ :

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कामदार तथा कर्मचारीको बीमा, तेस्रो पक्ष बीमा र यात्रुबाहक सवारी भए यात्रु बीमा समेत,

(ख) सवारीको जाँचपास,

(ग) दर्ताको प्रमाणपत्र नविकरण,

घ) अन्य निर्धारित मापदण्ड,

८८. <u>मार्गको इजाजतपत्र परिवर्तन सम्वन्धी व्यवस्था</u> :

(१) मार्ग इजाजतपत्रको अवधी समाप्त भएपछि मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीले अन्य कुनै मार्गमा सञ्चालन गर्नु परेमा मार्ग इजाजत पत्रको लागि दफा ८५ बमोजिम निवेदन दिएमा दफा ८६ बमोजिम परिवर्तित मार्ग इजाजतपत्र दिन सकिनेछ।

(२) मार्ग इजाजतपत्रको अवधि समाप्त नहुँदै नयाँ मार्ग इजाजतपत्र दिइने छैन।

८९. <u>बहु मार्ग इजाजतपत्र दिन सकिने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालवाहक सार्वजनिक सवारी साधनलाई मात्र बहु मार्ग इजाजतपत्र दिइनेछ।

९०. <u>पटके मार्ग इजाजतपत्र</u> :

(१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य कुनै मार्गमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके मार्ग इजाजतपत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी ब्यहोरा ठीक देखेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिन सक्नेछ।

स्पष्टीकरणः यस दफा प्रयोजनको लागि "**विशेष काम**" भन्नाले पटके प्रकृतिका विभिन्न भ्रमण, विवाह, आपतकालिन उद्दार आदिलाई जनाउँदछ।

९१. <u>मार्ग इजाजतपत्र दिन इन्कार गर्न सकिने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय लोकमार्ग बाहेक अन्य कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र प्रदान गर्दा त्यस्तो मार्गमा यात्रुको चाप र सार्वजनिक सवारीको सङ्ख्या, प्रदुषण वा तोकिएका स्तर नभएका वा अन्य कुनै कारणबाट मार्ग इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको

प्रतिकूल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले मार्गको इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ ।

तर त्यसरी इन्कार गरिएको कारण खुलाई जानकारी गराउनु पर्नेछ ।

९२. <u>मार्ग इजाजतपत्र नवीकरण</u> :

(१) दफा ८६ को उपदफा (४) बमोजिम मार्ग इजाजतपत्रमा लेखिएको म्याद समाप्त भएको ७ (सात) दिन भित्र त्यस्तो मार्ग इजाजतपत्र नविकरण गराउन निवेदन दिनु पर्नेछ ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम मार्ग इजाजतपत्र नविकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नविकरणको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो मार्ग इजाजतपत्र अर्को छ (६) महिनाको लागि नविकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजतपत्र नविकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महीनासम्म नविकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो मार्ग इजाजतपत्र नविकरण गर्नु पर्नेछ ।

९३. <u>मार्ग इजाजतपत्र स्वतः रद्द हुने</u> :

(१) दफा ९२ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नविकरण नगरिएमा त्यस्तो मार्ग इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको मार्ग इजाजतपत्र अभिलेखबाट हटाइनेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट हटाइएको मार्ग इजाजतपत्र नविकरण गरिने छैन।

९४. <u>पुनः मार्ग इजाजतपत्र दिन सकिने</u> : दफा ९३ बमोजिम रद्द भई अभिलेखबाट हटाइएको मार्ग इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः मार्ग इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ९२ बमोजिम लिनु पर्ने नविकरण तथा थप दस्तुर समेत लिई निजलाई पाँच सय देखी तीन हजार रुपैयासम्म जरिवाना गरी त्यस्तो सवारी चलाउन दफा ८६ बमोजिम पुनः मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

९५. <u>मार्ग इजाजतपत्र स्थगित गर्न सकिने</u> :

(१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री छ महीना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने

भएमा सवारी धनीले सो ब्यहोरा खुलाई मार्ग इजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो मार्ग इजाजतपत्र स्थगित गर्नका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरूद्ध गरेमा मन्त्रालयले त्यस्ता सवारीहरूको मार्ग इजाजतपत्र बढीमा तीन महीना सम्मको लागि स्थगित गर्न सक्नेछ।

९६. <u>मार्ग इजाजतपत्र रद्द गर्न सकिने</u> : कुनै सार्वजनिक सवारीले पटक-पटक देहायको कसूर गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको मार्ग इजाजत पत्र रद्द गर्न सक्नेछः

(क) यात्रुबाहक सवारीले सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्या भन्दा बढि यात्री राखी सवारी चलाएमा।

(ख) यात्रुबाहक सवारी साधनले मालसामान (यात्रीको झिटिगुन्टा बाहेक) बोकेमा र मालबाहक सवारी साधनले यात्री बोकेमा।

(ग) लामो मार्गमा संचालन हुने सार्वजनिक सवारीमा कम्तीमा २ जना सवारी चालक नराखी सवारी संचालन गरेमा।

(घ) मार्ग इजाजत नलिएको मार्गमा सवारी चलाएमा।

(ङ) सवारी साधनको स्वरुप बदलेको पाईएमा।

९७. <u>मार्ग इजाजतपत्र खारेज गर्न निर्देशन दिन सक्ने</u> : दफा ८६ बमोजिम अधिकार प्राप्त अधिकारीले मार्ग इजाजतपत्र प्रदान गर्दा गम्भिर त्रुटी गरेको पाइएमा मन्त्रालयले त्यस्तो मार्ग इजाजतपत्र खारेज गर्न निर्देशन दिन सक्नेछ ।

९८. <u>मार्ग इजाजतपत्रको प्रतिलिपि दिने</u> :

(१) मार्ग इजाजतपत्र च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा सो भए गरेको मितिले सात दिनभित्र सवारी धनी वा व्यवस्थापकले मार्ग इजाजतपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

तर हराएको वा नासिएको अवस्थामा भने सम्वन्धित प्रहरी कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी ब्यहोरा ठीक देखेमा निवेदकलाई मार्ग इजाजतपत्रको प्रतिलिपि दिनेछ ।

९९. <u>जाँचपास गराउनु पर्ने</u> :

(१) सार्वजनिक सवारीले यस ऐन बमोजिम सवारीको जाँचपास गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि मार्ग इजाजतपत्र दिइने छैन ।

(३) यस ऐन बमोजिम जाँचपास गराउनु पर्ने सवारी जाँचपासका लागि तोकिएको मापदण्डभित्र नरहेको अवस्थामा पनि सञ्चालन गरेको पाईएमा त्यस्तो सवारीको मार्ग इजाजतपत्र अधिकार प्राप्त अधिकारीले वाँकी अवधिको लागि निलम्बन गर्न सक्नेछ।

१००. <u>जाँचपासको लागि निवेदन</u> : सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले जाँचपासको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

१०१. <u>जाँचपासको प्रमाणपत्र दिनुपर्ने</u> :

(१) दफा १०० बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी जाँच्न लगाई त्यस्तो सवारीको यान्त्रिक स्थिति र स्वरूप ठीक देखिएमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ।

१०२. <u>पुनः जाँचपास गराउनु पर्ने</u> :

(१) दफा १०१ को उपदफा (२) मा लेखिएको म्याद नाघेको मितिले सात दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि निवेदन दिई जाँचपास गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिएको म्यादसम्म पुनः जाँचपास नगराएमा सो म्याद नाघेको मितिले तिस दिनभित्र त्यस्तो सवारी जाँचपास गराउन ल्याएमा जाँचपासको लागि लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो सवारी जाँचपास गरी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्रपनि जाँचपास नगराएमा त्यस्तो जाँचपासको प्रमाणपत्र स्वतः रद्द हुनेछ । यसरी जाँचपासको प्रमाणपत्र रद्द भएको सार्वजनिक सवारी पुनः जाँचपास गराउन ल्याएमा सवारी धनी वा व्यवस्थापकबाट उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त एक हजारदेखी पाँचहजार रूपैयाँ सम्म थप जरिवाना लिई त्यस्तो सवारी पुनः जाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ ।

१०३. <u>प्रदुषण जाँच गराउनु पर्ने</u> :

(१) कुनै पनि सवारीको शुरु दर्ता गराउदा तोकिएको स्थान र अवधिमा प्रदुषण जाँच गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रदुषण जाँच नगराई कुनै पनि सवारी सञ्चालनको लागि इजाजतपत्र दिइने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दुई पांग्रे सवारीको हकमा दर्ता गर्दा र नामसारी दर्ता गर्दा मात्र प्रदुषण जाँच गराउनु पर्नेछ ।

१०४. <u>प्रदुषण जाँचको लागि निवेदन</u> : प्रदुषण जाँचका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

१०५. <u>प्रदुषण जाँचको निस्सा दिने</u> :

(१) दफा १०४ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको प्रदुषणको स्तर जाँच्न लगाई त्यस्तो सवारी तोकिए बमोजिमको प्रदुषणको मापदण्डभित्र परेको पाइएमा तोकिए बमोजिमको ढाँचामा प्रदुषण जाँचको निस्सा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रदुषण जाँचको निस्साको मान्यता सार्वजनिक सवारीको हकमा छ महिनासम्मको लागि र अन्य सवारीको हकमा एक वर्षको लागि हुनेछ।

१०६. <u>अनुमतिप्राप्त वर्कशपबाट जाँच गराउन सक्ने</u> :

(१) मन्त्रालयले आफ्नो श्रोतसाधनबाट सार्वजनिक सवारीको प्रदुषण लगायतका जाँचपास गर्न सम्भव नभएमा आवश्यकतानुसार शर्तहरु तोकी अनुमतिप्राप्त वर्कशपबाट स्वचालित प्रणालीको आधारमा भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टरबाट तोकिएबमोजिम त्यस्तो जाँच गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बर्कसपको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

१०७. <u>यातायात सेवाको नाम पञ्जीकृत गर्नु पर्ने</u> :

(१) यातायात सेवाको नाम सम्वन्धित यातायात व्यवस्था कार्यालयमा पञ्जीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन । पंजिकृत नभएका कुनै पनि यातायात सेवालाई सार्वजनिक सवारी संचालन गर्न मार्ग ईजाजत प्रदान गरिने छैन ।

(२) यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापकले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर कार्यालयले आवश्यक छानविन गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न निवेदकलाई अनुसूची – ८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ । अनुमतिपत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले त्यस्तो यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(५) यस दफा बमोजिम पञ्जिकृत यातायात सेवा सम्बन्धी व्यवस्था र त्यस्तो सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०८. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नविकरण</u> :

(१) दफा १०७ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महीनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नविकरण गरी सक्नु पर्नेछ ।

(२) सवारी धनी वा व्यवस्थापकले उपदफा (१) बमोजिम अनुमतिपत्र नविकरण गराउनको लागि तोकिए बमोजिमको ढाँचामा दस्तुर सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नविकरणको लागि निवेदन परेमा कार्यालयले त्यस्तो अनुमतिपत्र अर्को पाँच वर्षको लागि नविकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिपत्र नविकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट सो म्याद नाघेको छ महिनासम्म नविकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नविकरण गरिनेछ ।

१०९. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुने</u> :

(१) दफा १०८ को उपदफा (४) बमोजिम निर्धारित अवधि भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नविकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्र अभिलेखबाट हटाइनेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट हटाइएको अनुमतिपत्र पुनः नविकरण गरिने छैन।

११०. <u>भाडा निर्धारण गर्ने</u> :

(१) कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रुबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर तोकिए बमोजिम हुनेछ ।

(२) यात्रीले आफूसंग निःशुल्क लैजान पाउने यात्रीगुण्टा (मालसामान) को अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसंग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम तोकिएको भाडा दर भन्दा बढी हुने गरी भाडा लिनु हुँदैन ।

१११. <u>परिचयपत्र नलगाएको व्यक्तिले यात्री टिकट बेच्न नहुने</u> : सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा संलग्न व्यक्तिले त्यस्तो सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नलगाई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न हुँदैन ।

११२. <u>यात्री टिकटको ढाँचा</u> :

(१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम यात्री टिकट बेच्ने व्यक्तिले टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्नेछ ।

११३. <u>मालसामान ढुवानी गर्दा मालसामान ढुवानीको विवरण सहितको बिल दिनु पर्ने</u> : मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको मालसामान ढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको मालसामान ढुवानीको बिल तोकिए बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

११४. <u>यात्री सूची तयार गर्नु पर्ने</u> : मध्यम मार्ग वा लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर, ठेगाना र सम्पर्क नम्बर खुलाई यात्रीको सूची अनिवार्य तयार गर्नु पर्नेछ । त्यसरी तयार गरिएको यात्री सूचीको

एक प्रति आफूसंग राखी अर्को प्रति अधिकार प्राप्त अधिकारी वा निजले तोकेको व्यक्ति समक्ष दिएर मात्र गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु पर्नेछ ।

११५. <u>यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनु पर्ने</u> :

(१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरूदेखि गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षासाथ पुऱ्याउनु निजको कर्तव्य हुनेछ । यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन ।

(२) कुनै सार्वजनिक सवारी बिग्रेको कारणले सवारी अघि बढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा कर्मचारीको दायित्व हुनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमापनि सवारी धनी वा व्यवस्थापकले तत्कालै यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

११६. <u>सीट भन्दा बढी यात्री राख्न नहुने</u> :

(१) यात्रुबाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्या भन्दा बढी यात्री राखी चलाउन हुँदैन ।

(२) शहरी क्षेत्रमा संचालन हुने यात्रुबाहक सार्वजनिक सवारीमा उभिने यात्रुको संख्या तोकिए वमोजिम निर्धारण हुनेछ ।

११७. <u>यात्रा विश्राम गर्नु पर्ने</u> : चार घण्टा भन्दा बढीको दूरीमा चल्ने यात्रुबाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक पन्ध्र मिनेट विश्राम गर्नु पर्नेछ ।

११८. <u>चालकको पालो फेर्नु पर्ने</u> : लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रुबाहक सार्वजनिक सवारीमा कम्तिमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ घण्टापछि पालै पालोसंग सवारी चलाउन लगाउने कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ ।

११९. <u>टिकट नलिई यात्रा गर्न नहुने</u> : कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन।

१२०. <u>मार्गको नक्शा र समय तालिकाको जानकारी गराउने</u> :

(१) अधिकार प्राप्त अधिकारीले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्शा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको मार्ग, नक्शा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकार प्राप्त अधिकारी वा निजले खटाएको व्यक्तिले सोको सूचना तुरून्त यात्रीलाई दिने व्यवस्था गर्नु पर्नेछ ।

१२१. <u>सीट सुरक्षित राख्नु पर्ने</u> : लामो, मध्यम र छोटो मार्गमा चल्ने यात्रुबाहक सार्वजनिक सवारीको अग्रभागमा अशक्त, जेष्ठ नागरिक एवम् महिलाहरूका लागि तोकिएबमोजिमको आरामदायक सिट सुरक्षित राख्नुपर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

१२२. <u>सुरक्षाकर्मी राख्न सकिने</u> : लामो र मध्यम मार्गमा यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले सो सवारी तथा यात्रीहरूको सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलव्ध गराई दिन प्रदेश सरकारसंग अनुरोध गरेमा वा प्रदेश सरकारले त्यस्तो सवारीमा सरकारी सुरक्षाकर्मी तैनाथ गर्नु पर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलव्ध गराउने व्यवस्था गर्न सक्नेछ।

१२३. <u>अनुचित व्यवहार गर्न नहुने</u> : कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसंग अनुचित व्यवहार गर्नु हुँदैन ।

१२४. <u>सार्वजनिक सवारीको व्यवस्थापन सम्वन्धी</u> :

(१) तोकिएबमोजिमको सार्वजनिक सवारीमा सि.सि क्यामेरा जडान गर्नु पर्नेछ ।

(२) कुनैपनि सवारीका धनी, यात्रु वा प्रयोगकर्ताले सवारी साधन भित्रबाट सडकमा कुनैपनि प्रकृतिका फोहोर फाल्नु हुँदैन । फोहोर व्यवस्थापनको लागि सार्वजनिक यातायातमा डस्टविनको व्यवस्था गरीएको हुनपर्नेछ ।

(३) तोकिएको स्थान बाहेक अन्य स्थानमा यात्रुलाई शौच गराउन सवारी साधन रोक्नु हुँदैन ।

(४) मालवाहक सवारी साधनमा कुनै प्रकारका मालसामान ढुवानी गर्दा धुलो उड्ने, पानी चुहिने, मालसामानको टुक्रा सडकमा खस्ने वा सडकलाई क्षति पुऱ्याउने गरी मालसामान ढुवानी गर्नु हुँदैन ।

१२५. <u>चालकसंग कुरा गर्न नहुने</u> : सार्वजनिक सवारी चलिरहेको समयमा कसैलेपनि सो सवारीको चालकसंग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन ।

१२६. <u>फेला परेको मालसामान बुझाउनु पर्ने</u> : सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौवीस घण्टाभित्र तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ । त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबीस घण्टाभित्र अधिकार प्राप्त अधिकारी वा नजिकको प्रहरी कार्यालयमा बुझाउनु पर्नेछ ।

१२७. <u>यात्री लिन इन्कार गर्न नहुने</u> : मध्यम वा लामो मार्गमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले सवारी खालीरहेको अवस्थामा यात्री लिन इन्कार गर्न हुँदैन ।

१२८. <u>प्रदेश सरकारको विशेष अधिकार</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्नेगरी सवारी धनी वा व्यवस्थापकलाई मन्त्रालयले आदेश दिन सक्नेछ।

## परिच्छेद –७

## <u>आवागमन नियन्त्रण</u>

१२९. <u>सवारीको गति निर्धारण</u> :

(१) मन्त्रालयले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सो भन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ । यसरी गति निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन ।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा सङ्केत मन्त्रालयले टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागू हुने छैन ।

तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गर्नु पर्नेछ ।

१३०. <u>सवारीको वजन</u> :

(१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडकमा चल्ने सवारीको सुरक्षित एक्सल वजनको अधिकतम हद निर्धारण गर्न सक्नेछ । त्यस्तो सडकमा सूचनामा तोकिएको एक्सल वजनभन्दा बढी वजन भएका सवारी चलाउन वा चलाउन लगाउन हुँदैन ।

(२) मन्त्रालयले कुनै सार्वजनिक स्थानको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ । यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए त्यसरी निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउन पाईने छैन ।

१३१. <u>यात्रीको संख्या र मालसामानको वजन तोक्ने</u> :

(१) सार्वजनिक सवारीमा राख्न सकिने यात्रीको सङ्ख्या र मालसामानको वजन मन्त्रालयले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको संङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा यात्री वा मालसामान राख्न हुँदैन ।

(३) मन्त्रालयले मालबाहक सवारीले क्षमता भन्दा बढी वजन बोके नबोकेको सम्बन्धमा परीक्षण गर्नका लागि आवश्यक स्थानमा तोकिए बमोजिमको तौल गर्ने मेशिन राखी सवारीको तौल लिने व्यवस्था गर्नेछ ।

१३२. <u>सवारी चलाउन प्रतिबन्ध लगाउने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थान वा मार्गमा कुनै सवारी चलाउन प्रतिबन्ध लगाउने गरी आदेश जारी गर्न सक्नेछ। यसरी प्रतिबन्ध लगाइएकोमा मन्त्रालयले सो कुराको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ ।त्यस्तो आदेशको पालना गर्नु सवै सवारी धनी, व्यवस्थापक वा चालकको कर्तव्य हुनेछ ।

१३३. <u>सवारी साधन चलाउन रोक लगाउने</u> : मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वा उपयुक्त ट्राफिक ब्यवस्थापनका आवश्यक साधन प्रयोग गरी सबै किसिमको (यान्त्रिक

तथा अन्य) सवारी चलाउन रोक लगाउन वा एक तर्फी संचालन गर्न वा केही दिन वा केही समयका लागि सवारी चलाउन रोक लगाउन सक्नेछ ।

१३४. <u>ट्राफिक बत्ति, सङ्केत जडान गर्ने</u> :

(१) यातायात पूर्वाधार निर्देशनालयले आवश्यक देखेको स्थानहरूमा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक बत्ति, सङ्केतहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू निर्देशनालयले वा निर्देशनालयले खटाएको व्यक्ति बाहेक अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन ।

१३५. <u>ट्राफिक सङ्केतको पालन गर्नु पर्ने</u> :

(१) चालकले सवारी चलाउँदा ट्राफिक सङ्केतको पालन गरी सवारी चलाउनु पर्नेछ ।

(२) चालकले पालन गर्नु पर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन् ।

१३६. <u>रंगिन सिसा प्रयोग गर्न नहुने</u> :

(१) कुनै पनि सवारीमा बाहिरबाट सवारी भित्र नदेखिने गरी रंगिन सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी रंगिन बनाउन पाइने छैन ।

तर प्रदेश सरकारले सुरक्षाको दृष्टिबाट उपयुक्त ठहराएका सवारीका हकमा यो प्रतिवन्ध लागू हुने छैन ।

(२) कसैले उपदफा (१) बमोजिमको काम गरेमा अधिकारप्राप्त अधिकारी वा निजले तोकेको व्यक्तिले त्यस्तो सवारीमा रहेको रंगिन सिसा वा सिसामा प्रयोग गरेको कुनै वस्तु हटाउन वा हटाउन आदेश दिन सक्नेछ ।

(३) कसैले उपदफा (२) बमोजिमको प्रतिकुल काम गरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारी चलाउन प्रतिवन्ध लगाउन सक्नेछ ।

१३७. <u>पार्किङ तथा बस बिसौनी स्थान निर्धारण गर्ने</u> :

(१) मन्त्रालयले सवारीको पार्किङ्ग, विल्डिङ्ग पार्किङ्ग, खुल्ला पार्किङ्ग, बस बिसौनी स्थान आफै बनाउन/निर्धारण गर्न सक्नेछ ।

(२) मन्त्रालयले निर्धारण गरेको पार्किङ्ग तथा बस बिसौनी स्थानलाइ सरोकारवाला निकायले सहयोग गर्नु पर्नेछ ।

(३) अन्य निकायले सवारीको पार्किङ स्थान र बस बिसौनी निर्धारण गर्दा मन्त्रालय, स्थानीय तह र ट्राफिक प्रहरी सँग समन्वय गरी गर्नु पर्नेछ ।

(४) मन्त्रालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ स्थानको निर्माण, सञ्चालन तथा अनुमती दिँदा पालना गर्नु पर्ने मापदण्ड तोक्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम निर्धारित मापदण्डको पालना गर्नु सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको कर्तव्य हुनेछ ।

१३८. <u>कुनै पनि सवारी अवागमनमा असुविधा हुने गरी सवारी साधन राख्न वा पार्किङ्ग गर्न नहुने</u>ः

(१) कुनै पनि सवारीले अरू कुनै सवारी साधन, आवागमन वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन ।

तर बाधा वा असुविधा नपुगे पनि सार्वजनिक स्थानमा लामो समयसम्म राख्न पाइनेछैन ।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्य सवारीलाई बाधा नपुग्ने गरी किनारा लगाइ राख्नु पर्नेछ साथै रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती, रिफ्लेक्टर वा संकेत लगाई राख्नु पर्नेछ ।

१३९. <u>एकिकृत सवारी सेवा केन्द्र सञ्चालन</u> :

(१) मन्त्रालयले ठुलो शहरभित्र जाने सवारीको प्रवेशलाई व्यवस्थित गर्न देहायको प्रयोजनको लागि आवश्यक एकिकृत सवारी सेवा केन्द्रको व्यवस्था मिलाउनेछ ।

क) वातावरण प्रदुषण रोकथाम गर्ने सम्बन्धमा,

ख) सुरक्षा प्रवन्ध गर्ने सम्बन्धमा,

ग) शहर भित्र जाने सवारीको मापदण्ड पालनाको अवस्थाका सम्बन्धमा,

घ) सवारी चेक जाँच सम्बन्धी बिषय,

ङ) अन्य कार्य ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४०. <u>सवारीको अन्य भागमा मानिस राख्न नहुने</u> :

(१) कुनैपनि सवारीमा यात्री बस्न बनेको सिट बाहेक सवारीको अन्य भागमा यात्री राख्न पाइने छैन।

(२) स्थानीय मार्गमा चल्ने सार्वजनिक यात्रुबाहक सवारीमा यात्री बस्न बनेको सीट एवं भित्री भाग बाहेक अन्य भागमा यात्री राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन ।

१४१. <u>चालकलाई बाधा पुग्ने काम गर्न नहुने</u> : कसैले चालकको क्षेत्र (ड्राईभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन ।

१४२. <u>ट्राफिक प्रहरीलाई दुर्व्यवहार गर्न नहुने</u> : कर्तव्य पालनको सिलसिलामा खटिएका ट्राफिक प्रहरी वा यातायात निरीक्षक उपर दुर्व्यवहार गर्नु हुंदैन ।

१४३. <u>आवागमनमा बाधा पार्न नहुने</u> :

(१) कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राख्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम स्वीकृति नलिई राखिएका मालसामान सम्वन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम जफत वा जरिवाना गर्न सक्नेछ ।

१४४. <u>सवारीलाई बाधा पुयाउन नहुने</u> : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम मार्ग इजाजत प्राप्त सवारीलाई त्यस्तो इजाजतपत्रमा तोकिएको मार्गमा सञ्चालन गर्न कसैले पनि कुनै किसिमको बाधा पुऱ्याउन हुँदैन।

१४५. <u>सडक पार गर्दा तोकिएको स्थान प्रयोग गर्नु पर्ने</u> : पैदल यात्रीले जेब्राक्रसिङ वा बाटो पार गर्नका लागि निर्धारित स्थानबाट मात्र सडक पार गर्नुपर्दछ ।

१४६. <u>सार्वजनिक स्थानमा खाल्डो खन्दा साङ्केतिक चिन्ह राख्नु पर्ने</u> :

(१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्डो खन्न पर्दा नजिकको स्थानीय तहको क्षेत्राधिकारमा स्थानीय तह, प्रदेशभित्र पर्नेमा मन्त्रालय र राष्ट्रिय लोकमार्गको क्षेत्राधिकारमा संघीय सरकारबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्डो खन्ने स्वीकृति दिंदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट साङ्केतिक चिन्ह राख्न लगाउनु पर्नेछ ।

१४७. <u>सवारीमा सांकेतिक चिन्ह राख्नु पर्ने</u> : कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि सांकेतिक चिन्ह देखिने गरी राख्नु पर्नेछ । साथै सवारीको बडी नै नदेखिने गरी मालसामान राखी सडकमा ढुवानी गर्नु हुदैन ।

१४८. <u>सिकारुले सवारी चलाएकोमा संकेत राख्नु पर्ने</u> :

(१) प्रदेशका निश्चित लोकमार्ग वा सडकमा सिकारुका लागि तोकिए अनुसार सवारी संचालन गर्न पाउने गरी मार्ग तोक्ने व्यवस्था गर्न सकिनेछ ।

(२) सिकारुले सवारी चलाएकोमा त्यस्तो सवारी साधनको अगाडि र पछाडि भागमा कम्तिमा दश मिटर टाढैबाट प्रष्ट देख्न सक्ने गरी ठूलो अक्षरमा **"सिकारु"** भन्ने संकेत उल्लेख गर्नु पर्छ ।

(३) अन्य मापदण्ड तोकिएबमोजिम हुनेछ ।

१४९. <u>सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने</u> :

(१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन ।

१५०. <u>दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुने</u> : कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई दुर्व्यबहार वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानि नोक्सानी पुयाउनु हुँदैन ।

१५१. <u>सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनु पर्ने</u> :

(१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ ।

(२) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले अनिवार्य रुपमा तथा सो सवारीमा बस्ने मानिसले संभव भएसम्म सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्नेछ।

१५२. <u>कागजात देखाउनु पर्ने</u> :

(१) प्रहरी वा यातायात निरीक्षकले चेकजाँचको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको मार्ग इजाजतपत्र वा अन्य कागजात हेर्न खोजेमा त्यस्तो सवारीको चालक, सवारी धनी वा व्यवस्थापकले दर्ताको प्रमाणपत्र, मार्ग इजाजतपत्र वा सवारी सम्वन्धी अन्य कागजात देखाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसंग सम्बन्धित भएमा त्यस्तो

सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनु पर्नेछ ।

१५३. सवारी रोक्नु पर्ने : चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा वत्ति वा संकेतले रोक्ने संकेत गरेमा रोकि राख्नु पर्नेछ :

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने संभावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भई तत्काल उद्दार वा सहयोग गर्नु पर्ने भएमा ।

(घ) जेब्रा क्रसिङ, दोबाटो वा चौबाटो रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा एवम् जेब्रा क्रसिङमा पैदल यात्रु ले वाटो पार गर्ने कार्य गरि रहेको अवस्थामा ।

१५४. दुर्घटना भएमा चालकको कर्तव्य :

(१) सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरून्त सो दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनु पर्नेछ । कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसंग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्नेछ।

१५५. दुर्घटना परेको सवारीको निरीक्षण :

(१) दुर्घटनाको जाँचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण तथा दुर्घटना स्थल र तत्कालिन परिस्थितिका बारेमा सूचना संकलन गर्ने जिम्मेवारी सम्वन्धि प्रहरीको हुनेछ ।

(२) दुर्घटनाको छानविनको निमित्त प्रहरीले त्यस्तो सवारी आफू समक्ष दाखिला गर्न लगाई वा त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ।

१५६. सवारी बायाँतिरबाट चलाउनु पर्ने :

(१) सार्वजनिक सडकमा सवारी चलाउँदा चालकले तोकिएको सडक बाहेक अन्य स्थानमा वायाँ किनारा तर्फबाट चलाउनु पर्नेछ । एका तर्फ नै दुई लेन भएको सडकमा विस्तारै गुड्ने प्रकृतिका सवारी साधनले वायाँतर्फबाट मात्र सवारी चलाउनु पर्दछ ।

(२) अगाडि गईरहेको सवारीलाई उछिनी जानु परेमा संकेत दिई उक्त सवारीको चालकले अगाडि जान संकेत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्नेछ । यसरी पछाडिको सवारीले उछिनी जानको लागि संकेत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई संकेत दिनु पर्नेछ ।

१५७. <u>पेटीबाट हिंड्नु पर्ने</u> : मानिस हिंड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिंड्नु पर्नेछ । पेटी नभएको सडकमा हिंड्दा सो सडकको किनारा तर्फबाट हिंड्ने गर्नु पर्नेछ।

१५८. <u>निर्धारित ठाउँबाट बाटो काट्नु पर्ने</u> : पैदल हिंड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब–वे, ओभरहेड ब्रीज वा त्यस्तो बाटो काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ।

१५९. <u>घर पालुवा पशुपंक्षी छाड्न नहुने</u> : सार्वजनिक सडक तथा सडक किनाराको क्षेत्रमा घर पालुवा पशुपंक्षीका धनीले त्यस्ता पशुपंक्षी छाड्न हुंदैन ।

१६०. <u>घुम्ती निरीक्षण</u> :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १९९ मा उल्लिखित बमोजिमको काम कारवाही भएको देखेमा त्यस्तो व्यक्तिलाई तत्काल यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ ।

१६१. <u>चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुने</u> : कुनैपनि सवारी चालक अनुमति प्राप्त गर्ने व्याक्तिले आफ्नो अनुमतिपत्र अरुलाई प्रयोग गर्न दिनु हुदैन साथै कसैले अरूको सवारी चालक अनुमतिपत्र लिइ सवारी चलाउन हुँदैन ।

१६२. <u>मादक पदार्थ तथा अन्य लागू पदार्थ सेवन गर्न नहुने</u> : मादक पदार्थ वा अन्य लागू पदार्थ सेवन गरी सवारी चालकले सवारी चलाउनु हुँदैन ।

१६३. <u>सवारी चलाउन नहुने</u> : चालकले लापरवाही गरी सवारी चलाउनु हुदैन साथै सवारीको संवेदनशिल पार्ट पुर्जा बिग्रीएको वा अवस्था ठीक नभएको सवारी चलाउन हुँदैन ।

१६४. <u>आवश्यक सहयोग पुऱ्याउने</u> : कुनै पनि सवारीले दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

१६५. <u>प्रचार प्रसार गर्ने गराउने</u> : सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा सम्बन्धित सरकार/मन्त्रालय/निर्देशनालयले सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी कार्यक्रम प्रचार प्रसार गर्ने व्यवस्था गर्ने गराउनेछ ।

## परिच्छेद–८

## <u>बीमा सम्बन्धी व्यवस्था</u>

१६६. <u>सवारीको बीमा गराउनु पर्ने</u> :

(१) सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम सवारीको बीमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नविकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र समेत प्रदान गरिने छैन ।

१६७. <u>चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा</u> :

(१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारीको तोकिए बमोजिमको रकमको दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्नेछ ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बीमित रकम निज स्वयं वा निजको नजिकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजहरूलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजहरूले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निजहरू वा निजहरूको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१६८. <u>यात्रीको बीमा</u> :

(१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रुहरुको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्नेछ ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बीमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा निजको नजिकको हकवालाले सो बापत पाउनु पर्ने दुर्घटना बीमाको रकम पाउनेछ ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेका कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत उपलब्ध गराउनु पर्नेछ ।

१६९. <u>सामानको बीमा</u> :

(१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको सामानको तोकिएबमोजिमको बीमा गराउनु पर्नेछ, तर बहुमल्य सामानको हकमा पहिले जानकारी गराएकोमा मात्र बीमा रकमले नपुग्ने भएमा क्षतिपूर्ति बापत थप रकम समेत दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम यात्रीगुण्टाको बीमा नगराई कुनै सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीगुण्टा हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१७०. <u>तेस्रो पक्षको बीमा</u> :

(१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति दिने प्रयोजनका लागि सबै प्रकृतिका सवारी साधनका सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सीभ बीमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम

निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१७१. क्षतिपूर्तिको रकम प्रमुख जिल्ला अधिकारीले भराई दिने :

(१) यस ऐन बमोजिम बीमा नगराएको अवस्थामा दफा १६७ को उपदफा (३), दफा १६८ को उपदफा (३), दफा १६९ को उपदफा (२) र दफा १७० को उपदफा (३) बमोजिम सवारी धनी वा व्यवस्थापकबाट भराउनु पर्ने क्षतिपूर्तिको रकम निजहरुबाट प्रमुख जिल्ला अधिकारीले भराई दिने आवश्यक प्रबन्ध गर्नेछ ।

(२) कुनै विदेशी मुलुकमा दर्ता भएका सवारी साधन अनुमति लिइ प्रदेश भित्र चलाउदा दुर्घटना वा कुनै हानी नोक्सानी भए गरेमा सो वापतको बीमा रकम भराउन तोकिए वमोजिम सम्वन्धित मुलुकको राजदूतावासलाई समेत प्रमुख जिल्ला अधिकारी मार्फत जानकारी गराई क्षतिपूर्ति रकम उपलव्ध गराउने प्रकृया अगाडि वढाउनु पर्नेछ ।

## परिच्छेद– ९

## सवारी चालक र परिचालकको सेवा सुविधा तथा सवारी साधन कर

१७२. कर असूल गर्ने : प्रत्येक आर्थिक बर्षका लागि तोकिए बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ।

१७३. कर बुझाउने :

(१) करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तसम्म बुझाइसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नयाँ दर्ता गरिने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गराउन अगावै जुन मितिमा भन्सार तिरी छुटाएको छ सोही मितिदेखिको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ ।

१७४. दर्ता नविकरण वा नामसारी गर्नु अगावै कर तिर्नु पर्ने : सवारी साधनको दर्ता, दर्ता प्रमाणपत्रको नविकरण वा सवारी नामसारी गर्दा चालु आर्थिक बर्ष सम्मको कर समेत चुक्ता गर्नु पर्नेछ ।

१७५. <u>दर्ता गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नु पर्ने</u> : सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नविकरण गर्ने वा नामसारी गरी दिने अधिकारीले सो गर्नु भन्दा अगावै कर तिरेको प्रमाण जाँचबुझ गर्नु पर्नेछ।

१७६. <u>जरिवाना गर्न सक्ने</u> :

(१) दफा १७३ बमोजिमको म्यादभित्र कर रकम नवुझाएमा तोकिएको अधिकारीले देहाय बमोजिम जरिवाना गर्नेछ:

(क) सो आर्थिक बर्षको अन्त्य सम्मलाई कर रकमको दश प्रतिशतका दरले,

(ख) खण्ड (क) वमोजिमको म्याद नाघी सवारी कर वुझाउन आएमा प्रत्येक बर्षको तोकिएको करमा करको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म बीस प्रतिशत, दुई वर्ष सम्म चालीस प्रतिशत, तीन वर्षसम्म साठी प्रतिशत, चार वर्षसम्म असी प्रतिशत र पाँच वर्षसम्म सत प्रतिशत थप जरिवाना सहित कर तिर्नुपर्नेछ ।

(ग) खण्ड (ख) वमोजिमको अवधिसम्म कर नवुझाएमा उक्त सवारीको दर्ता स्वतः खारेज हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वतः दर्ता खारेज हुने सवारी साधनको बाँकी वर्षहरुका लागि लाग्ने जरिवाना रकम प्रत्येक आर्थिक बर्षको जम्मा लाग्ने कर रकमको सत प्रतिशत भन्दा बढी हुनेछैन।

१७७. <u>लिलाम सम्बन्धी व्यवस्था</u> :

(१) यस ऐन बमोजिम लाग्ने दस्तुर र जरिवानाको रकम दफा १७६ को उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र नवुझाएमा कार्यालयको लगतमा सो सवारी साधनलाई रोक्का गरी उक्त सवारी साधन तोकिए अनुसार लिलाम बिक्री गरी सो रकम असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा पनि सबै रकम असुल उपर हुन नसकेमा बाँकी रकम प्रदेश सरकारले तोकेको अधिकारी वा कार्यालयबाट प्रचलित प्रदेश कानून बमोजिम त्यस्तो सवारी धनीवाट सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिम कारवाही गरी असूल गर्दा असूल गर्नु पर्ने रकम भन्दा बढी रकम असुल हुन आएमा बढी भएजति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम धरौटीमा रहेको एक वर्षभित्र सम्बन्धित सवारी धनीले भुक्तानी लिन सक्नेछ।

सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बांधिनेछ ।

(४) यसरी लिलाम गर्दा सो बापत लाग्ने विज्ञापन खर्च सवारी धनीबाटै असूलउपर गरिनेछ।

(५) उपदफा (१) वा (२) बमोजिम लिलाम वा अन्य सजाय कारवाही शुरु हुनु भन्दा अगावै सवारी धनीले आफूलाई लाग्ने ठहरेको कर र जरिवानाको रकम बुझाउन ल्याएमा उक्त सवारी साधन दफा ३९ बमोजिम पुनः दर्ता गर्न सकिनेछ ।

१७८. <u>पुनरावेदन</u> : यस ऐन अन्तर्गत तोकीएको अधिकृतले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालयमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

१७९. <u>समिति गठन गर्नसक्ने</u> : यो ऐन वा प्रचलित कानून बमोजिम लाग्ने कर निश्चित गर्नको लागि सवारी साधनको किसिम, स्तर वा क्षमता छुट्याउन समय समयमा आवश्यकता अनुसार प्रदेश सरकारले समिति गठन गर्न सक्नेछ ।

१८०. <u>सवारी चालक र परिचालकको पारिश्रमिक</u> : सवारी चालक र परिचालकको न्यूनतम पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

१८१. <u>सवारी चालक र परिचालकको सामाजिक सुरक्षा</u> : सवारी चालक र परिचालकको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

१८२. <u>अधिकार सुम्पन सक्ने</u> :

(१) प्रदेश सरकारले यस ऐन बमोजिम उठाउँदै आएको सवारी साधन कर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय तहले उठाउन पाउने गरी अधिकार सुम्पन सक्नेछ ।

(२) स्थानीय तहले यस ऐन बमोजिम सवारी साधन कर उठाउँदा सो सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको सम्पूर्ण अधिकार प्रयोग गर्नेछन्।

(३) उपदफा (२) बमोजिम स्थानीय तहले असुल गर्ने सवारी साधन करको दर प्रचलित कानून बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम स्थानीय तहले असुल गरेको सवारी साधन कर रकमको बाँडफाड प्रचलित कानून बमोजिम हुनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम

बमोजिमका अधिकारहरू प्रयोग गर्न पाउने गरी कुनै अधिकारी वा निकायलाई सुम्पन सक्नेछ ।

१८३. <u>तोकिएको अधिकारीको अधिकार</u> : यस ऐन बमोजिम तोकिएको अधिकारीले गरेको कारवाही वा निर्णयमा कुनै कारवाही सम्बन्धी त्रुटी भएकोमा मन्त्रालयले त्यस्तो त्रुटी सुधार गरी वा कारवाही नियमित गरी पुनः निर्णय गर्न आदेश दिन सक्नेछ ।

## परिच्छेद– १०

## <u>समिति तथा काम, कर्तव्य र अधिकारः</u>

१८४. <u>यातायात व्यवस्थापन समिति</u> : प्रत्येक क्षेत्रमा चल्ने सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्यहरू रहने गरी यातायात व्यवस्थापन समिति गठन गरिनेछः

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| (ख) प्रमुख, जिल्ला प्रहरी कार्यालय | -सदस्य |
| (ग) प्रमुख, ट्राफिक प्रहरी कार्यालय | -सदस्य |
| (घ) प्रमुख, यातायात व्यवस्था महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| (ङ) प्रमुख, यातायात व्यवस्था कार्यालय, सवारी | -सदस्य |
| (च) उपभोक्ताहरुको प्रतिनिधि एकजना | -सदस्य |
| (छ) पंजिकृत यातायात व्यवसायी कम्पनीको प्रतिनिधि एकजना | -सदस्य |
| (ज) यातायात मजदूरको प्रतिनिधि एकजना | -सदस्य |
| (झ) यातायात व्यवस्था कार्यालयको अधिकृतस्तरको कर्मचारी | - सदस्य सचिव |

१८५. <u>यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u> : यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाधरूपमा सञ्चालन गर्न सार्वजनिक सवारीहरूलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने ।

(ख) आफ्नो क्षेत्रभित्र मार्ग कायम नभएको ठाउँमा अस्थायी रुपमा मार्ग कायम गरी यातायात सेवा सञ्चालन गर्नु पर्ने भए अस्थायी मार्ग कायम गरी सो मार्गमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने ।

(ग) आफ्नो क्षेत्रभित्र सार्वजनिक सवारीहरूले मार्गको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय समयमा सो को नविकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने ।

(घ) आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने ।

(ङ) आफ्नो क्षेत्रभित्र यात्रीको चाप र सवारीको सङ्ख्या इत्यादिको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने आवश्यक देखेमा सो क्षेत्रमा मार्ग निर्धारण हुन मन्त्रालय समक्ष सिफारिश गर्ने ।

(च) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थितरूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारवाही गर्ने ।

१८६. <u>सडक सुरक्षा परिषद्</u> :

(१) सडक दुर्घटना न्यूनीकरण गरी सडक सुरक्षा कायम गर्न अवलम्बन गर्नु पर्ने उपाय समेतको सम्बन्धमा प्रदेश सरकारलाई सुझाब दिन तोकिए बमोजिम सडक सुरक्षा परिषद् गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित सडक सुरक्षा परिषद्को काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ

१८७. <u>मार्ग तथा भाडा निर्धारण सिफारिस समिति</u> : प्रत्येक जिल्लामा मार्ग तथा भाडा निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको मार्ग तथा भाडा निर्धारण सिफारिस समिति रहनेछः

(क) प्रमुख जिल्ला अधिकारी –संयोजक

(ख) प्रमुख, सम्बन्धित पूर्वाधार विकास कार्यालय –सदस्य

(ग) प्रमुख, ट्राफिक प्रहरी कार्यालय –सदस्य

(घ) सम्बन्धित जिल्लाको पंजिकृत यातायात व्यवसायी कम्पनीको प्रतिनिधि –सदस्य

(ङ) प्रमुख, यातायात ब्यवस्था कार्यालय –सदस्य सचिव

१८८. <u>परीक्षा समिति</u> :

(१) दफा ५३ बमोजिम सवारी चालक अनुमतिपत्रको परीक्षा लिन देहाय बमोजिमको परीक्षा समिति रहनेछः

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र –अध्यक्ष

(ख) प्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय –सदस्य

(ग) मेकानिकल ईन्जिनियर, यातायात ब्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले चालक अनुमतिपत्रको लागि निवेदन दिने व्यक्तिहरूको परीक्षा लिई उत्तिर्ण भएकाहरूलाई चालक अनुमतिपत्र प्रदान गर्न अधिकार प्राप्त अधिकारी समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिले निर्धारण गरे बमोजिम बस्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले चालकहरूका लागि लिने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१८९. <u>यातायात निरीक्षकको नियुक्ति</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीहरूले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न मन्त्रालयले यातायात निरीक्षक नियुक्त गर्न सक्नेछ । यसरी यातायात निरीक्षक नियुक्ति नभएसम्मको लागि अधिकार प्राप्त अधिकारीले यातायात निरीक्षकको रुपमा काम गर्ने गरी आवश्यकता अनुसार यातायात निरीक्षक तोक्न सक्नेछ ।

१९०. <u>यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार</u> : यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले मार्गको इजाजतपत्र प्राप्त मार्गमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने ।

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरूले निर्धारित सीट तथा वजन क्षमताको अधीनमा रही यात्री राख्ने तथा मालसामान राख्ने कार्य गरे नगरेको निरीक्षण गर्ने ।

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम तिर्नुपर्ने कर तिरे नतिरेको तथा गर्नु पर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने ।

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्रीसूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिएको नलिएको तथा निर्धारित गतिमा सवारी चलाएको नचलाएको निरीक्षण गर्ने ।

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने ।

१९१. <u>सवारी चालक प्रशिक्षण केन्द्र सम्वन्धी व्यवस्था</u> :

(१) सवारी चालक प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र सञ्चालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पूरा गरेको देखिएमा त्यस्तो प्रशिक्षण केन्द्र सञ्चालन गर्ने सम्बन्धमा अनुमति पत्र दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र पाँच वर्षको लागि मान्य हुनेछ ।

(५) अनुमतिपत्र नविकरण गराउनको लागि त्यसको मान्य अवधि समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको दस्तुर संलग्न गरी मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुमतिपत्र नविकरण गरीदिन मनासिव देखिएमा मन्त्रालयले त्यस्तो निवेदकको अनुमतिपत्र नविकरण गरिदिनु पर्नेछ ।

(७) चार्जिङ स्टेसन, प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप संचालनसम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१९२. <u>कारखाना, वर्कशप सम्बन्धी व्यवस्था</u> :

(१) चार्जिङ स्टेसन, कारखाना, वर्कशप स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको कारखाना, वर्कसप सञ्चालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पूरा गरेको देखिएमा त्यस्तो कारखाना, वर्कसप सञ्चालन गर्ने सम्बन्धमा अनुमति पत्र दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र पाँच वर्षको लागि मान्य हुनेछ ।

(५) अनुमतिपत्र नविकरण गराउनको लागि त्यसको मान्य अवधि समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको दस्तुर संलग्न गरी मन्त्रालयमा निवेदन दिनु पर्छ ।

(६) उपदफा (५) बमोजिम अनुमतिपत्र नविकरण गरीदिन मनासिव देखिएमा मन्त्रालयले त्यस्तो निवेदकको अनुमतिपत्र नविकरण गरिदिनु पर्नेछ ।

(७) कारखाना, वर्कशप संचालनसम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

१९३. <u>प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशपको अनुमतिपत्र निलम्बन वा खारेज हुने</u> :

(१) दफा १९१ र दफा १९२ बमोजिम चार्जिङ स्टेसन, प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरितको कुनै कार्य गरेमा सम्वन्धित निकायले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अनुमतिपत्र जुनसुकै बखत निलम्बन गरी यस ऐन वा नियम बमोजिमको व्यवस्था कायम गर्न मनासिव समय तोकी निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र पनि यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको व्यवस्था कायम नगरेमा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाको चार्जिङ स्टेसन, प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र सम्वन्धित निकायले खारेज गर्न सक्नेछ ।

## परिच्छेद –११

## <u>सजाय सम्बन्धी व्यवस्था</u>

१९४. <u>दण्ड सजाय</u> :

(१) दर्ताको प्रमाण पत्रमा उल्लेख भए बमोजिम वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउने वा गलत विवरण पेश गरी

दर्ता गराउनेलाई अधिकार प्राप्त अधिकारीले ६ महिना सम्म कैद, पचास हजार रुपैयां जरीवाना गरी त्यस्तो सवारी जफत गर्नु पर्छ ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको काम कारवाही गर्ने गराउनेलाई देहाय बमोजिम सजाय गर्न सक्नेछ :

(क) दफा १७, ४९ वा १३१ को विपरीत काम कारवाही गर्ने गराउनेलाई दस हजार देखि विस हजार रूपैयाँसम्म जरिवाना ।

(ख) दफा १९, ३३, ४३, ८४, १४३ वा १५० को विपरीत काम कारवाही गर्ने गराउनेलाई दस हजार देखि वीस हजार रूपैयाँसम्म जरिवाना ।

(ग) दफा १९१ को विपरीत काम कारवाही गर्ने गराउनेलाई पन्ध्र हजारदेखि पच्चीस हजार रूपैयाँसम्म ।

(घ) दफा १४१ विपरित काम कारवाही गर्ने लाई दस हजार रुपैयांसम्म जरिवाना वा एक महिना कैद वा दुवै सजाय

(३) दफा १९९ र यस दफाको उपदफा (१) वा (२) मा उल्लेख भए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारवाही गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले पाँच हजारदेखि दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा १४२ विपरीत काम कारबाही गर्ने गराउनेलाई प्रमुख जिल्ला अधिकारीले पन्ध्र हजार रुपैयांसम्म जरीवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(५) दफा १४४ विपरीत हुने गरी काम कारवाही गर्ने गराउने व्यक्तिलाई पचासहजार देखि दुई लाख रुपैयांसम्म जरीवाना वा पांचबर्षसम्म कैद वा दुवै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतीपूर्तिको रकम दिलाउन सक्नेछ ।

(६) दफा १५९ बिपरित घरपालुवा पशुपन्छी सडकमा छाडी सोका कारण सवारी दुर्घटना भई सवारीमा रहेका वा बाहिर रहेका मानिसको मृत्यु भएमा अदालत ले त्यस्तो पशुपन्छीको मालिकलाई एकलाख रुपैयांसम्म जरीवाना गर्नेछ

(७) दफा २०१ बिपरित कार्य गर्नेलाई अदालतले ५ बर्षसम्म कैद वा दुई लाख रुपैयांसम्म जरीवाना वा दुवै सजाय गरी सवारी चालक अनुमतिपत्र र सवारी साधनको इजाजतपत्र खारेज गर्नेछ।

१९५. <u>ज्यान मारेमा हुने सजाय</u> :

(१) कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट मृत्यु भएमा वा मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाइ ज्यान सम्बन्धी कसूरमा प्रचलित कानून वमोजम सजाँय हुनेछ । कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार प्रचलित कानून वमोजम सजाँय हुनेछ ।

(२) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट मृत्यु भएमा वा मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु वा लापरवाहीले सवारी चलाएका कारण जेब्राक्रसिङ्गमा रहेको मानिसको मृत्यु भएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार कसूरको मात्रा अनुसार प्रचलित कानून वमोजम सजाँय हुनेछ ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई प्रचलित कानून वमोजम सजाँय हुनेछ ।

(४) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसूर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप पचास हजार रूपैयाँ समेत जरिवाना हुनेछ ।

तर सर्वश्वसहित जन्मकैद हुनेमा त्यस्तो थप जरिवाना हुने छैन ।

(५) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई

सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई कसूरको मात्रा अनुसार प्रचलित कानून वमोजम सजाँय हुनेछ ।

१९६. अङ्गभङ्ग भएमा हुने सजाय :

(१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए अन्धो वा नपुंसक मध्ये जुनसुकै कुरा भएपनि त्यसरी सवारी चलाउने व्यक्तिलाई दश वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ । सो दुई खत बाहेक अन्य कुनै अङ्ग बेकम्मा भएमा दश वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना र एउटै किसिमको काम लिने एउटा भन्दा बढी अङ्ग हुनेमा सो मध्ये एउटा अङ्ग मात्र बेकम्मा भएमा माथि लेखिएको सजायको आधा सजाय हुनेछ । सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार प्रचलित कानून वमोजम सजाँय हुनेछ ।

(२) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लिखित कुनै कसूर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा पचास हजार रूपैयाँ थप जरिवाना हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानसिलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा प्रचलित कानून वमोजिमको क्षतिपूर्ती र सजायका अतिरिक्त त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई पचास हजार रूपैयाँ जरिवाना हुनेछ ।

१९७. घा खर्च, किरिया खर्च र क्षतीपूर्ति भराई दिने :

(१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतीपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछः

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई किरिया खर्च बापत पचास हजार रुपैयाँ र क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बीमा रकमको अतिरिक्त थप एकलाख रुपैयाँ ।

(ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि कुनै अङ्ग काम नलाग्ने भए सो को क्षतीपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्च बापत पच्चिस हजार रूपैयाँ।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई कृयाखर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधि खर्च बापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक, सवारी धनी वा व्यवस्थापकबाट पच्चीस हजार रुपैयाँसम्म दिलाई दिनु पर्छ । त्यस्तो चोट पटक लाग्ने व्यक्तिलाई सरकारी अस्पताल वा सो अस्पतालमा उपचार हुन नसकि अन्य अस्पतालमा सिफारिस भएमा उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ र त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्च बापत भराई दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिईनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, कृया खर्च र क्षतीपूर्तिको कूल रकमको पन्ध्र प्रतिशत भन्दा बढी चालकबाट भराइने छैन ।

(५) उपदफा (१) वा (२) बमोजिम बुझाउनु पर्ने कृया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजातबाट पनि असूल उपर हुन सकेन भने सो उपर नभए जति रूपैयाँ निजबाट असूल उपर भएको जरिवाना मध्येबाट भराई दिनु पर्नेछ ।

(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतीपूर्ति बापतको बीमा रकम यथाशीघ्र भराई दिनु पर्नेछ ।

१९८. <u>सवारी दर्ता तथा नामसारी सम्बन्धी कसुरको अनुसन्धान र तहकिकात</u> :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरित कुनै कसुर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी परी वा अन्य कुनै तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मन्त्रालयलाई जानकारी हुन आएमा मन्त्रालयले कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको अधिकृतलाई अनुसन्धान अधिकृत तोकी सोसम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकातको कारबाही गराउनेछ ।

(२) उपदफा (१) बमोजिम कसुरको अनुसन्धान तथा तहकिकातका क्रममा सबुत प्रमाण संकलन गर्दा कसुरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसुरको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिने, सम्बधित कागजात वा अन्य चिजहरु आफ्नो जिम्मामा लिने, बयान गराउने र मुचुल्का तयार गर्ने समेत प्रचलित कानुन बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अनुसन्धान अधिकृतलाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने सम्मको पर्याप्त आधार देखेमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा धरौटी वा जमानत दिन नसकेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी कारबाही गर्न वा एक पटकमा सात दिनमा नबढाई बढीमा तीस दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सक्नेछ ।

तर पटके कसुरदारलाई धरौटीमा छाडिने छैन ।

(४) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकातको कार्यमा अनुसन्धान अधिकृतले आवश्यक परेमा सरकारी वकिलको परामर्श लिन सक्नेछ ।

(५) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकातको कार्यमा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु प्रहरी लगायत सम्बधित सबैको कर्तब्य हुनेछ।

१९९. यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कसूर गर्ने सम्वन्धित व्याक्तिलाई देहाय बमोजिमको जरिवाना अङ्क र डिमेरिट अङ्क तोकी यातायात निरीक्षक वा घटीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृतले त्यस्तो कसूर गर्ने व्यक्तिले पाएको जरिवाना अङ्क ४० सम्मको रकम तत्काल असुल गरि सो भन्दा माथिको जरिवाना अङ्क प्राप्त गर्ने कसुरको हकमा जरिवाना रकम असुलको लागि अधिकारप्राप्त अधिकारी

समक्ष लेखी पठाउनु पर्नेछ साथै डिमेरिट अङ्कको हकमा कसुर अनुसारको अङ्कको विवरण समेत खुलाई पठाउनु पर्नेछः

| सि.नं. | कसुर | जरिवाना अङ्क | डिमेरिट अङ्क |
|---|---|---|---|
| क | असुरक्षित वा डिफेक्टिभ सवारी चलाएमा | ४० अङ्क | १ अङ्क |
| ख | ट्राफिक चिन्ह उल्लंघन गरी सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| ग | अरुलाई हानी पुग्ने गरी लापरवाहीले सवारी चलाएमा | ३० अङ्क | २ अङ्क |
| घ | स्वीकृत एक्सेल भन्दा बढी तौलको गाडी चलाएमा | ४० अङ्क | १ अङ्क |
| ङ | असुरक्षित ठाउँमा ओभरटेक गरेमा | २० अङ्क | १ अङ्क |
| च | शाखा सडकबाट मुल सडकमा आउँदा वा जक्सन आउदा नरोकी सवारी चलाएमा | १५ अङ्क | १ अङ्क |
| छ | जेब्रा त्रसिङ्गमा पैदल यात्री सडक पार गरेको अवस्थामा सवारी नरोकी चलाएमा | १० अङ्क | १ अङ्क |
| ज | लेन अनुसार सवारी नचलाएमा वा संकेत नदिइ लेन परिवर्तन गरेमा वा सवारी मोडेमा | १० अङ्क | १ अङ्क |
| झ | सेन्टरको डवललाइन क्रस गरी सवारी चलाएमा | १५ अङ्क | १ अङ्क |
| ञ | फुटपाथमा सवारी चलाएमा | १० अङ्क | १ अङ्क |
| ट | जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा | १५ अङ्क | १ अङ्क |
| ठ | ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गर्ने वा सो डिभाइसमा व्यापारिक विज्ञापन टास्नेलाई | १५ अङ्क | - |
| ड | रातीमा बत्ती नबाली सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| ढ | सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुने गरी सामान ढुवानी गरेमा | २५ अङ्क | १ अङ्क |
| ण | एकतर्फी सडकमा विपरित दिशामा गाडी चलाएमा | १५ अङ्क | १ अङ्क |

| | | | |
|---|---|---|---|
| त | सडकमा पशुपंछी छाडेमा | २० अङ्क | - |
| थ | प्रशिक्षण अवधिमा अर्को व्यक्ति साथमा राखी दुई पांग्रे सावारी चलाएमा | १० अङ्क | - |
| द | स्वीकृत भन्दा बढी यात्री राखी दुई पांग्रे सवारी चलाएमा | १५ अङ्क | १ अङ्क |
| ध | सिट बेल्ट वा हेलमेट नलगाई सवारी चलाएमा | १० अङ्क | १ अङ्क |
| न | ट्राफिक इसारा उल्लंघन गरेमा | १५ अङ्क | १ अङ्क |
| प | ट्राफिक प्रहरीले रोक्न भन्दा नमानी सवारी चलाएमा | ३० अङ्क | १ अङ्क |
| फ | गैरकानूनी काममा सवारी प्रयोग गरेकोमा | ५० अङ्क | २ अङ्क |
| ब | प्रशिक्षण अवधिमा तोकिएको किसिम भन्दा अर्को सवारी चलाएमा | २५ अङ्क | - |
| भ | तोकिएको बिसौनी भन्दा फरक ठाउँमा रोकी यात्री ओराल्ने वा चढाएमा | २० अङ्क | १अङ्क |
| म | मार्ग इजाजतपत्र नलिइ सवारी चलाएमा | - | १अङ्क |
| य | यात्रीलाई टिकट नदिएमा | १० अङ्क | - |
| र | चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्ने काम गरेमा | २० अङ्क | १ अङ्क |
| ल | दुर्घटना पछि पालना गर्नु पर्ने कर्तव्य पालना नगरेमा | २५ अङ्क | १ अङ्क |
| व | पार्किङ निषेध भएको ठाउँमा पार्किङ गरेको वा अरु गाडीलाई आवागमनमा बाधा पुग्ने गरी पार्किङ गरेमा | २० अङ्क | १ अङ्क |
| श | जेब्रा क्रसिङ्ग वा निर्धारित स्थानबाट मार्ग नकाटेर अन्य ठाउँबाट मार्ग काट्ने पैदल यात्रीलाई | १० अङ्क र प्रहरीबाट प्रशिक्षण दिने | - |
| ष | ट्राफिक सिग्नल एवं ट्राफिक इसारा नमानी सडकमा हिड्ने पैदल यात्रीलाई | १० अङ्क र प्रहरीबाट प्रशिक्षण दिने | - |

| | | | |
|---|---|---|---|
| स | सडकमा फोहोर फाल्नेलाई | १० अङ्क | - |
| ह | सडक सिमाभित्र अनुमति विना कुनै किसिमको सूचना/संरचना खडा गर्नेलाई | २० अङ्क र संरचना भत्काउन वा हटाउन लगाउने | - |
| क्ष | अनुमति विना एक्सेस रोड/प्राइभेट ड्रेन राख्नेलाई | ५० अङ्क | - |
| त्र | चलिरहेको गाडीमा झुन्डिने, चढ्ने वा ओर्लने यात्री र गाडी समातेर साइकल चढ्ने व्यक्तिलाई | १० अङ्क र प्रहरीबाट प्रशिक्षण दिने | - |
| ज्ञ | चोरीको गाडी चलाएमा वा जबरजस्ती अर्काको गाडी कब्जामा लिइ चलाएमा | ५०० अङ्क | ५ अङ्क |
| क१ | सवारी धनीको अनुमति विना सवारी चलाएमा | १०० अङ्क | १ अङ्क |
| क२ | सवारी चालक अनुमतिपत्र साथमा नलिईं सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| क३ | तोकिएको उमेर भन्दा कम वा बढीकाले सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| क४ | सवारी चालक अनुमतिपत्र निलम्बन भएको बेलामा सवारी चलाएमा | १०० अङ्क | - |
| क५ | दर्ता नभएको सवारी चलाएमा | सवारी कब्जामा लिइ अधिकारप्राप्त अधिकारीसमक्ष पेश गर्ने | १ अङ्क |
| क६ | अधिकार प्राप्त अधिकारीले मागेको आवश्यक लिखत पेश नगरेमा | ५० अङ्क | - |
| क७ | ट्याक्सीले मिटरमा देखाएको भन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा | १५० अङ्क | २ अङ्क |
| क८ | एम्बुलेन्स, वारुण यन्त्र जस्ता आपतकालीन प्रकृतिका सवारीलाई साइड नदिने सवारी चलाकलाई | १० अङ्क | १ अङ्क |
| क९ | सवारी चलाउदा मोबाईल, एअरफोन वा दुवै प्रयोग गर्नेलाई | २० अङ्क | १ अङ्क |
| क१० | सवारी साधनमा चालक, परिचालकले अस्लिल व्यवहार | २० अङ्क | १ अङ्क |

| | | | |
|---|---|---|---|
| | प्रदर्शन गरेमा | | |
| क११ | रातीमा सवारी साधनले एउटा मात्र बत्ती बाली सवारी चलाएमा | १० अङ्क | १ अङ्क |
| क१२ | बिच मार्गमा सवारी रोकिआवागमनमा बाधा पुऱ्याएमा | २०अङ्क | १ अङ्क |
| क१३ | सवारीले नियतबश अन्य सवारीको अगाडि वा पछाडिबाट बाधा पुऱ्याएमा | २० अङ्क | - |
| क१४ | यात्रुउपर अभद्र व्यवहार तथा गाली बेईज्जत गरी अपमान गरेमा | २० अङ्क | १ अङ्क |
| क१५ | सवारी धनीको नाम र ठेगाना तथा चालकको ठेगाना परिवर्तन भएको म्याद भित्र अभिलेख नसच्याएमा | १० अङ्क | - |
| क१६ | हर्न निषेधित ठाउमा हर्न बजाएमा | १० अङ्क | १ अङ्क |
| क१७ | सार्वजनिक सवारीमा तोकिएबमोजिमको उपकरण नराखेमा | ४० अङ्क | - |
| क१८ | तोकिएबमोजिमको चालक, परिचालक, कर्मचारी वा सुरक्षाकर्मी नराखी सवारी चलाएमा | ४० अङ्क | - |
| क१९ | सार्वजनिक सवारीमा धुम्रपान गरेमा | २० अङ्क | १ अङ्क |
| क२० | मादक पदार्थ सेवन गरी सवारी चलाएमा | ४० अङ्क (चालकलाई तत्काल सवारी चलाउन रोक लगाउने) | २ अङ्क |
| क२१ | सवारी नियम उल्लघंन गरेका सवारी साधनलाई सो स्थानबाट हटाउन परेमा (सोका लागि लाग्ने खर्च) | लागत अनुसार | - |
| क२२ | सवारी नियम उल्लंघन वा सवारी साधन नियन्त्रणमा लिई प्रहरीले पार्किङ्गमा राख्नु परेमा (पार्किङ्ग शुल्क सवारी धनीले तिर्नु पर्ने) | लागत अनुसार | - |

(२) उपदफा (१) बमोजिमको प्रति जरिवाना अङ्क वापतको रकम प्रदेश सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

स्पष्टिकरणः "जरिवाना अङ्क" भन्नाले प्रदेश सरकारले तोकेको प्रति जरिवाना अङ्क बराबरको रकम भन्ने सम्झनुपर्छ । हाललाई एक जरिवाना अङ्क वापत रु. ५० कायम गरिएको छ । "डिमेरिट अङ्क" भन्नाले सवारी चालकलाई हुने थप सजायको अङ्क सम्झनुपर्छ, जुन अङ्क निश्चित सिमामा पुगेपछि चालकको अनुमति पत्र निलम्वन वा खारेज गर्ने आधार बन्नेछ ।

(३) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पुर्जी दिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसूर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृत नभएमापनि घटनास्थलमा रहेको प्रहरीले त्यस्तो कसूर गर्नेलाई निजले गरेको कसूर खुलाई सो बापत निजलाई हुने जरिवानाको रकम र डिमेरिट अङ्क समेत खुलाई उपदफा (१) बमोजिम चौबीस घण्टाभित्र सम्बन्धित निकायमा बुझाउन पुर्जी दिनेछ।

(५) उपदफा (३) वा (४) बमोजिमको पुर्जी दिंदा त्यस्तो पुर्जीको नक्कल प्रतिमा सो पुर्जी बुझ्नेको सही समेत गराउनु पर्नेछ ।

(६) उपदफा (३) वा (४) मा लेखिएको समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले थप एकहजार रूपैयाँसम्म जरीवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र बढीमा एक महीनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नुबझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र खारेज गरी बाँकी जरिवाना रकम सरकारी बाँकीसरह असुल उपर गरिनेछ ।

## परिच्छेद – १२

## प्रदेश सार्वजनिक यातायात सञ्चालन

२००. **प्रदेश सार्वजनिक यातायात** :

(१) प्रदेश सरकारले नागरिकलाई सरल, सुलभ र सुविधायुक्त सार्वजनिक यातायात सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि प्रदेशले आवश्यकता अनुसार प्रदेश भित्र सुरक्षित, गुणस्तरीय एवम् आधुनिक र ठुला सार्वजनिक सवारी साधन सञ्चालन गर्ने ब्यवस्था गर्ने सक्नेछ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवाको सञ्चालन सरकारी, साझेदारी, सार्वजनिक सहकारी र निजी एवम् संयुक्त लगानीमा गर्ने व्यवस्था मिलाउन सक्नेछ,

(४) उपदफा (३) वमोजिम सञ्चालन गरिने सार्वजनिक यातायातमा वातावरण मैत्री तथा विद्युतीय सवारीलाई प्राथमिकता दिनु पर्नेछ,

(५) प्रदेशस्तरमा सरकारी बस कम्पनी दर्ता गरी सोही कम्पनी मार्फत प्रदेश सरकारले सार्वजनिक यातायात संचालनमा ल्याउन सक्नेछ,

(६) उपदफा (१) बमोजिमको सवारीलाई प्रदेश सरकारले तोकेबमोजिम छुट एवम् सहुलियत प्रदान गर्ने सम्वन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ,

(७) सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १३

## विविध

२०१. **हानि नोक्सानी पुऱ्याउन नहुने** : कसैले सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई हातपात गर्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने काम गर्न, गराउन हुँदैन ।

२०२. **सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्ने** : कुनै चालकले लापरवाही गरी वा बदनियत पूर्वक यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिवाना, घा खर्च, किरिया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिरिदिनु पर्नेछ ।

२०३. <u>क्षतिपूर्ति दिनु पर्ने</u> : दुई सवारी साधन एकआपसमा ठोकिदा हुन गएको क्षति वापत ट्राफिक नियम उल्लंघन गर्ने पक्षले अर्को पक्षलाई दफा १९७ बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

२०४. <u>सजाय नहुने</u> : दफा १९५ र १९६ मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुने छैन ।

२०५. <u>प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्ने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रियप्रणाली वा यस्तै अन्य नियन्त्रणात्मक प्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन ।

२०६. <u>कम्पनीमा दर्ता गर्नुपर्ने</u> :

(१) सार्वजनिक यातायातका सवारी कम्पनीमा दर्ता गरेर मात्र संचालन गर्नु पर्नेछ ।

(२) दफा (१) सम्बन्धी  मापदण्ड लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०७. <u>सुख्खा बन्दरगाह सम्बन्धी व्यवस्था</u> :

(१) प्रदेश सरकारले कुनै स्थानमा सुख्खा बन्दरगाह निर्माण र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुख्खा बन्दरगाह निर्माण तथा सञ्चालनमा सरकारी, सार्वजनिक सहकारी एवम् संयुक्त लगानीमा गर्ने व्यवस्था मिलाइने छ ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०८. यातायात मजदुरहरुको वृत्ति विकासको लागि प्रदेश सरकार व्यवसायी र कम्पनीको सहकार्यमा समय सापेक्ष तालिमको व्यवस्था प्रदेश सरकारले सालवसालीरुपमा गर्नु पर्नेछ।

२०९. प्रत्येक वर्ष प्रदेश सरकारको माताहतका कार्यालयमा दर्ता भइ यस प्रदेश भित्र वा वाहिर चल्ने सवारी साधनका चालक वा परिचालक, व्यवसायी र कम्पनीहरु मध्येबाट गुणस्तरीय सेवा पुऱ्याउनेलाई पुरस्कारको व्यवस्था गरिनेछ । पुरस्कृत हुने कर्मचारी, व्यवसायी र कम्पनीको छनौटको आधार तोकिए वमोजिम हुनेछ ।

२१०. यातायात मजदुरहरुको श्रम सम्वन्ध विकासको लागि सञ्चालन गर्ने कम्पनी वा व्यवसायीले प्रचलित कानूनले व्यवस्था गरेका सवै शर्त पूरा गरी काममा लगाउनु पर्नेछ । यस कार्यलाई सो कम्पनीको गुणस्तरीयताको सूचकाङ्कको रुपमा लिइनेछ ।

२११. यातायात क्षेत्रको लगानी तथा स्वरोजगार प्रवर्द्धन गर्न प्रदेश सरकारवाट तोकिए वमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

२१२. यस ऐनको वर्खिलाप गरी दुर्घटना भएको अवस्थामा कसुरको मात्रा हेरी जुनसुकै सवारी साधन सजायको हिस्सेदार हुनेछन् ।

२१३. <u>निर्देशन दिन सक्ने</u> : प्रदेश सरकार वा मन्त्रालयले यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी एवम् यातायात व्यवसायीहरुलाई यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिईएको निर्देशनको पालना गर्नु निजहरुको कर्तब्य हुनेछ ।

२०९. <u>अधिकार प्रत्यायोजन</u> : यस ऐन बमोजिम मन्त्रालयले वा अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार कुनै वा सबै अधिकार कुनै निकाय, संगठित संस्था, समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१०. <u>पुनरावेदन</u> :

(१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर मन्त्रालय समक्ष पुनरावेदन लाग्नेछ ।

(२) यस ऐन बमोजिम मन्त्रालयले गरेको निर्णय वा आदेश उपर उच्च अदालत समक्ष पुनरावेदन लाग्नेछ ।

२११. <u>उजूरी गर्ने हदम्याद र पुनरावेदन म्याद</u> :

(१) दफा १९५ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिता, २०७४ को ज्यान सम्बन्धी कसूरको परिच्छेदमा उल्लेखित म्यादभित्र, दफा १९६ अन्तरगतको कसूरको हकमा मुलुकी अपराध संहिता, २०७४ को कुटपीट तथा अङ्गभङ्ग सम्बन्धी कसूरको परिच्छेदमा उल्लेखित म्यादभित्र र यस ऐन अन्तरगतका अन्य कसूरको हकमा कसूर भएको मितिले पैँतिस दिनभित्र उजूर गर्नु पर्नेछ ।

२१२. <u>सहयोग पुऱ्याउनु पर्ने</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

२१३. <u>अन्य सवारी साधनको चालकले यस ऐनको पालना गर्नु पर्ने</u> : यस ऐन बमोजिम दर्ता गर्नु नपर्ने वा चालक अनुमति पत्र लिन नपर्ने खालका सवारीको रुपमा प्रयोग हुने साइकल, रिक्सा, ठेला, जस्ता साधनहरु चलाउंदा दफा १३५ र यो ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक संकेतको पालना गर्नु पर्छ ।

२१४. असल नियतले गरेको कामको बचाउ : अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको निकाय, समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुनेछैन ।

२१५. विशेष अधिकार : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागू नहुने गरी प्रदेश सरकारले छूट दिन सक्नेछ।

२१६. सरकार वादी हुने :

(१) दफा १४९, १९५, १९६ र २०१ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी अपराध संहिता, २०७४ को अनुसूची- १ मा परेको मानिनेछ ।

(२) दफा १४२ र दफा १९४ को उपदफा (१) अन्तर्गत सजाय हुने मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा तोकिएको अधिकारीले अनुसन्धान र तहकीकात गरी दायर गर्नेछ ।

२१७. दुर्घटनाको अभिलेख राख्नु पर्ने : प्रहरीले जुनसुकै दुर्घटनाको तुरुन्त स्वीकृत ढाँचामा सूचना प्रविधि मार्फत् सम्बधित प्रहरी कार्यालय र यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ र यसको सहजिकरणका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

२१८. परिचय पत्र र पोषाक ब्यवस्था गर्नु पर्ने : सार्वजनिक यातायातलाई ब्यवस्थित गर्न तोकिएबमोजिमको परिचयपत्र र पोषाकको व्यवस्था मिलाइ सम्बन्धित यातायात ब्यवसायी कम्पनीले आफ्ना कर्मचारी तथा मजदुरलाई उपलब्ध गराउनु पर्नेछ ।

२१९. पुनर्ताजगी सेन्टरको व्यवस्था : प्रदेश सरकारले प्रदेश क्षेत्रभित्र उपयुक्त स्थानमा चालक, यात्रुको सुविधाका लागि पुनर्ताजगी सेन्टरको व्यवस्था गर्न सक्नेछ यसको संचालन रेखदेख तोकिएवमोजिम हुनेछ ।

२२०. यात्रीको सामानको सुरक्षा : यात्रुको झोला तथा झिटीगुण्टाको सुरक्षाका लागि ट्याग लगाउनु पर्नेछ र सोही आधारमा यात्रु झर्ने स्थलमा झोला तथा झिटीगुण्टा वुझाउनु पर्नेछ।

२२१. बाधा अड्काउ फुकाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२२२. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u> : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

२२३. <u>वचाउ</u> : यस ऐन जारी नहुदासम्म यातायात व्यवस्था ऐन २०४९ वमोजिम भए गरेका काम कारवाही यसै ऐन वमोजिम भए गरेको मानिने छ ।

२२१. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसूची -१
### (दफा ३,४,५,६,७,८,९ संग सम्बन्धित)
### सवारीको वर्गिकरण

(क) ठुला सवारीः– बस (२६ सिट क्षमताभन्दा माथि) डवल बस, डेकर बस, ट्रली बस, इलेक्ट्रिक बस, ट्रक, ट्याङकर, ट्रिपर, ट्याक्टर, लहरी, ट्रान्जिट मिक्सर, हारभेस्टर, निर्माण उपकरण आदि ।

(ख) मझौला सवारीः– मिनि बस, माइक्रो बस (१५ देखि २५ सिट क्षमताको), मिनिट्रक, हारभेस्टर, ट्याक्टर, मिनी ट्रिपर आदि।

(ग) सानो सवारीः– माइक्रो बस, कार, ट्याक्सी, जीप, भ्यान, पिकअप, ट्रेलर आदि।

(घ) तीन पांग्रे सवारीः- अटोरिक्सा, ई-रिक्सा, टेम्पो वा अन्य तीनपांग्रे सवारी आदि।

(ङ) दुइ पांग्रे सवारीः- मोटरसाइकल, मोपेड, स्कुटर, व्याट्रीबाट संचालन हुने दुइ पांग्रे सवारी आदी।

(च) निर्माण उपकरण सम्बन्धि सवारीः- स्काभेटर, व्याकहो लोडर, डोजर, बुलडोजर, लोडर, भाइब्रेटोरी, कम्प्याक्ट्रर, न्युम्याटिक टायर कम्प्याक्टर, रोलर, स्क्रापर, माइनिङ ट्रक, डम्फर, ग्रेडर, अस्फाल्ट पेभर, मोबाइल क्रसर, अस्फाल्ट डिष्ट्रिव्युटर, कंक्रिट ब्याचप्लान्ट, ट्रक क्रेन, फोर्कलिफ्ट, स्ट्रिट सुइपर आदि ।

(छ) अफरोड सवारीः- अगाडि र पछाडि एक्सल भएको फोर हुइलर तथा लकिङ सिस्टमयुक्त कम्तीमा २५ प्रतिशत ग्रेडियन्ट (उकालो) मा चल्न सक्ने जीप पिकअप आदि ।

(ज) विशेष सवारीः बारुण यन्त्र, एम्बुलेन्स, आर्मड सवारी, बुलेट प्रुफ सवारी जस्ता खास किसिमको सेवा दिने आदि ।

(झ) विशिष्ठ सवारीः विशिष्ठ व्यक्तिहरुले प्रयोग गर्ने सवारी ।

## अनुसूची – २

### (परिच्छेद - २ संग सम्बन्धित)

### सवारीको नम्बर प्लेट

(क) सरकारी सवारी - सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्नेछ।

(ख) सार्वजनिक सवारी - कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

(ग) निजी सवारी - रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

(घ) पर्यटक सवारी - हरीयो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

(ङ) संस्थानको सवारी - पहेलो प्लेटमा निलो अक्षर र अङ्कमा हुनुपर्नेछ।

(च) कुटनीतिक सवारी - नीलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

अनुसूची – ३

(दफा - २१ संग सम्बन्धित

<u>सवारी दर्ता प्रमाणपत्रको ढाँचा</u>

प्रदेश सरकार

प्रदेश नं. ५

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय, ..................

सवारी दर्ता नं. :–

सवारीको किसिम :–

सवारी धनीको फोटो

दर्ता मिति :–

सवारी धनीको नाम, थर :–

वतन :–

सवारी धनीको हस्ताक्षर :–

अधिकृतको सहि :–..............

दर्ता गर्ने अधिकारीको

हस्ताक्षर :–

मिति :–

नामसारी भएको मिति

...................

सवारी धनीको फोटो

सवारी धनीको नाम, थर, वतन :– .......................

.........................................................................

नामसारी गर्ने अधिकारीको

हस्ताक्षरः–

प्रमाणपत्रको नविकरण

| नविकरण गरेको मिति | नविकरण म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकारीको सहि |
|---|---|---|
| | | |

**सवारीको विस्तृत विवरण**

१. कम्पनीको नाम :–

२. सवारीको मोडेल (साल) :–

३. सिलिण्डर संख्या :–

४. हर्ष पावर/ सि.सि. :–

५. चेसिस नम्बर :–

६. ईन्जिन नम्बर :–

७. सवारीको रङ्गः–

८. सीट क्षमता (चालक सहित) :–

९. वजन :–

१०.पेट्रोल डिजेल :–

११.रेडियो, क्यासेट प्लयर, टेलिफोन आदि छ छैन :–

१२.कुन कम्पनी वा मानिसबाट खरीद गरेको हो सो कम्पनी वा मानिसको नाम :–

१३.प्रयोग :–

१४.चलाउने क्षेत्र :–

१५.भन्सार प्रमाण :–

सवारी जाँचेको

| सवारी जाँचेको मिति | नविकरणको म्याद पुग्ने मिति | जाच्ने अधिकारीको सहि |
|---|---|---|
| | | |

कैफियत :–

नामसारी

ठेगाना

सवारी धनी वा व्यवस्थापकको दस्तखत :–

सवारीको किसिम :–

क्षमता :– ...........     सवारी नम्बर :– .................

चेसिस नम्बर :–

मिति ............ को निवेदन र मिति ................. को दर्ताको प्रमाणपत्र अनुसार श्री ............................... को नामबाट .......................... बस्ने श्री .................... को नाउँमा नामसारी गरिएको छ ।

अधिकारीको दस्तखत :–

मिति :–

| इजाजतपत्र पाएको क्षेत्र (मार्ग) | वहाल अवधि | इजाजतपत्र दिने वा नविकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

अनुसूची–४

(दफा २६ संग सम्बन्धित)

<u>अस्थायी दर्ताको प्रमाणपत्र</u>

प्रदेश सरकार

प्रदेश नं. ५

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय, ..............................

पत्रसंख्या :– ............... मिति :– ....../..../....

चलानी नं. :– ........... शाखा :– ...........

प्राप्त पत्र संख्या र मिति :– ...........

विषय :– अस्थायी नम्बर ।

श्री ............................

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनीले यस कार्यालयमा मिति ............. मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणहरुको आधारमा निम्न बमोजिम विवरण भएको सवारी तोकिएको अवधिसम्मको निमित्त अस्थायी नम्बर दिइएको छ ।

१. सवारी धनीको नाम, थर, वतन :–

२. दिइएको अस्थायी नम्बर :–

३. अस्थायी नम्बरको अवधि :–

४. भन्सारको प्रमाण :–

५. सवारी निर्माता :–

६. सवारीको किसिम :–

७. सिलिण्डर संख्या :–

८. हर्स पावर/सि.सि. :–

९. च्यासिस नम्बर :–

१०. ईन्जिन नम्बर :–

११. सवारीको रङ्ग :–

१२. सीट क्षमता  (चालक सहित) :–

१३. वजन :–

१४. पेट्रोल डिजेल :–

१५. सवारीको पुरानो प्लेट नम्बर :–

अनुसूची–५

(दफा - ५४ संग सम्बन्धित)

(अगाडीको भाग)

# नेपालको सवारी चालक अनुमतिपत्र

# DRIVING LICENCE OF NEPAL

प्रदेश नं. ५

Province No. 5

प्रदेश सरकारको लोगो

D.L. No.: 00-00-00000000

B.G.: ..........

Name:

Address:

Photo

Security

License Office:

D.O.B.:

Category:

F/H Name:

Citizenship No.:

D.O.I.:

Passport No:

D.O.E.:

Phone No:

Issued By

Signature of Holder

(पछाडीको भाग)

Category Details in Driving License

| |
|---|
| **A - Motorcycle, Scooter, Moped** |
| **B - Car, Jeep, Delivery Van** |
| **C - Tempo, Auto Rickshaw** |
| **C1 - E-Rickshaw** |
| **D - Power Tiller** |
| **E - Tractor** |
| **F - Minibus, Minitruck** |
| **G - Truck, Bus, Lorry** |
| **H - Road Roller, Dozer** |
| **H1 - Dozer** |
| **H2 - Road Roller** |

| |
|---|
| **I - Crane, Fire Brigade, Loader** |
| **I1 - Crane** |
| **I2 - Fire Brigade** |
| **I3 - Loader** |
| **J1 - Excavator** |
| **J2 - Backhoe Loader** |
| **J3 - Grader** |
| **J4 - Forklift** |
| **J5 - Other** |
| **K - Scooter, Moped** |

अनुसूची–६

(दफा -७२ संग सम्बन्धित)

प्रदेश सरकार

प्रदेश नं. ५

भैतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय,........................

सवारी परिचालक अनुमतिपत्र

अनुमती पत्र. नं. :– ................

| जारी मिति | म्याद समाप्त मिति |
|---|---|
| | |

फोटो

नाम :–

ना.प्र.प. नं. :–

पिता/पतिको नाम :–

ठेगाना :–

तपाईलाई निम्न बमोजिमको सवारीहरुको परिचालक अनुमतिपत्र दिइएको छ ।

क) बस

ख) मिनिबस

ग) ट्रक

प्रदेश सरकार

प्रदेश नं. ५

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय ...............

पासपोर्ट नं :–

रगत समूह :–

सवारी परिचालको सही :–

२) ठेगाना :–

३) कारोवारको मुख्य स्थान :–

४) सञ्चालन गर्ने सेवाको किसिम :–

५) धनी/ साझेदार/ सञ्चालक ( मुख्य व्यक्ति ) को नाम, थर र दर्जा :–

६) ठेगाना :–

..........................  ......................

(मुख्य व्यक्तिको सहि)  (कार्यालय प्रमुखको सहि)

अनुसूची–७

(दफा - ८६ संग सम्बन्धित)

<u>मार्ग इजाजतको ढांचा</u>

प्रदेश सरकार

प्रदेश नं. ५

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय ..............

इजाजत दिने अधिकारीको

नाम :–

दर्जा :–

दस्तखत :–

मिति :–

च्यासिस नम्बर :–

इन्जिन नम्बर :–

मोडेल :–

सवारी निर्माण गर्ने कम्पनि वा संस्थानको नाम र ठेगाना :–

बडी तयार गर्ने कारखानाको नाम ठेगाना :–

इजाजत पत्र नं. :–

सवारीको किसिम :–

सवारी धनी वा व्यवस्थापकको नाम :–

पंजिकृत कम्पनीको नाम :–

अनुसूची–८

(दफा -१०७ संग सम्बन्धित)

<u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाचा</u>

प्रदेश सरकार

प्रदेश नं. ५

भौतिक पूर्वाधार विकास मन्त्रालय

फोटो

दर्ता :–

दर्ता मिति :–

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १०७ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ ।

१) व्यक्ति/फर्म/कम्पनीको नाम :–